# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/८२



बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# रामेछाप अस्पताल

रामेछाप-०८, रामेछाप, नेपाल

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# अस्पताल रामेछाप



## शुभकामना सन्देश

अस्पताल रामेछापले वार्षिक प्रतिवेदन पुस्तकका रूपमा प्रकाशन गर्न लागेकोमा म लगायत अस्पताल व्यवस्थापन परिवार अत्यन्तै हर्षित भएको छ। अस्पतालका सम्पुर्ण गतिविधि तथा सेवा सुविधा र सहुलियतका सन्दर्भमा यो वार्षिक प्रतिवेदन कोशेढुङगा सावित हुने हामीले विश्वास लिएका छौ।

अस्पतालले प्रदान गर्ने कतिपय सुविधाहरूको बारेमा लक्षित वर्ग पूर्ण रूपमा सुसूचित हुन नसकिरहेको वर्तमान परिप्रेक्षमा यो प्रतिवेदन प्रकाशन गरिदा लक्षित वर्गले सूचनाको हकको सुरक्षा प्रत्याभूति गर्ने छ भने अस्पतालको पारदर्शिता प्रति उठ्न सक्ने प्रश्नचिन्हमा पुर्णविराम लाग्नेछ। सामुदायिक अस्पतालका सेवाग्राही भनेका खासगरी सिमान्तकृत वर्गका मानिसहरु नै हुन् । उनीहरुलाई छिटो छरितो तथा सरल र सहज सेवा उपलब्ध गराउने यस अस्पतालको लक्ष्य एवं उद्देश्य अनुरूप प्रकाशन गर्न लागिएको वार्षिक प्रतिवेदन अवश्य पनि उपलब्धीमुलक हुनेछ भन्ने कुरामा म पूर्ण रूपमा विश्वस्त छु ।

राज्यले नागरिकका लागि उपलब्ध गराउने निशुल्क स्वास्थ्य सेवा प्रक्रियागत रुपमा कतिपय आवश्यकता कानूनी जटिलता र अड्चनका कारण जुन रूपमा सहज र सरल हुनुपर्ने हो त्यो हुन सकि रहेको देखिदैन। कानूनी जटिलताका कारण राज्यले निःशुल्क भनी तोकिएका सेवा सुविधाहरु सम्म पनि नागरिकको सहज पहुँच पुग्न नसक्नु अत्यन्तै दुखद कुरा हो। नियमक निकायका अधिकारी कानूनी जटिलता तर्फ सचेत हुनुपर्ने हुन्छ। अन्यथा कारवाहीको भागीदारी बनाइनु पर्ने बाध्यता रहन सक्छ । बाध्यतात्मक परिस्थिति र कानूनी जटिलता बीच जिम्मेवार अधिकारी चुनौतिहरुको सामना गर्नुपर्ने अवस्थाको सृजना हुनु स्वभाविक पनि हो । राज्यले आफ्ना नागरिकलाई सरल र सहज सेवा उपलब्ध गराउनका लागि कानूनी जटिलतालाई हटाउन प्रयत्न गर्न पर्छ ।

मानिसको जीवन मरणको सवालसँग सम्बन्ध गाँसिएको औषधी तथा सम्बन्धित वस्तु खरिद र दुवानी प्रक्रिया ढुंगा, गिटी, बालुवा, रोडा, ईटा खरिद प्रक्रिया जस्तो समान नियमबाट निर्धारण गरिनु अवश्य पनि युक्ति संगत मानिदैन । अन्तमा वार्षिक प्रतिवेदन प्रकाशनका लागि नेतृत्वदाभी महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएको कार्यालय प्रमुख, मेडिकल रेकर्डर सुपरभाईजर अस्पतालका विभागीय प्रमुख तथा कर्मचारी मित्रहरु धन्यवादका पात्र हुनुहुन्छ। वार्षिक प्रगति प्रतिवेदन प्रकाशनमा योगदान पुर्‍याउनु हुने सबैप्रति आभार एवं कृतज्ञता प्रकट गर्दछु


.... ....
श्री यम कुमार पाखिन
अस्पताल व्यवस्थापन समिति अध्यक्ष

बागमती प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# रामेछाप अस्पताल



## मन्तव्य

जिल्ला अस्पताल रामेछापको आ.व. २०८१/०८२ को वार्षिक कार्यक्रमहरु समयमै सम्पन्न गरी समुदाय समक्ष जवाफदेही हुन पद्धतीलाई आत्मसाथ गरी मूल्यांकनको पाटोलाई हामीले अगाडी बढाएका छौं। यसै सन्दर्भमा अस्पतालमा आ.व. २०८१/०८२ मा प्रवाह गरेको सेवा तथा सम्पादन गरेको कार्यको एकिकृत सुचना प्रवाहको माध्यमका रुपमा यस बर्ष पनि अस्पतालको बार्षिक प्रतिवेदन सार्वजनिक गर्न पाउदा निकै खुशी लागेको छ।

यस प्रतिवेदनले विशेषत अस्पतालबाट प्रवाह गरिएका सेवा सुविधालाई तथ्यांकीय ढाँचामा गत तथा विगतका आ.व. संग तुलनात्मक ढंगले प्रस्तुत गरेको छ । अस्पतालबाट प्रवाह गरिएका सेवा सुविधाका अलावा आ.व. २०८१/०८२ मा अस्पतालले सम्पादन गरेका क्रियाकलापहरू र सो बाट प्राप्त उपलब्धीहरु सहित वित्तीय व्यवस्थापनको पाटोलाई समेत समेटेर अस्पतालबाट प्रवाह गरिने सार्वजनिक सरोकारित सेवाका विषयमा नागरिकको चासोलाई समेत सम्बोधन गरी पारदर्शिता प्रवर्द्धन गर्ने कोसिश गरेको छ। यसका साथै सवल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने लक्ष्य सहित अघि बढिरहेको यो अस्पतालमा अस्पताल सुदृढ गराउने विविध प्रयास भइरहेका छन् यद्यपी विगतदेखिनै अव्यवस्थित अस्पताललाई सुधारको अग्रगतिमा ल्याउन समेत निकै समस्या र चुनौतीहरुको सामना गर्नुपरेको अवस्था छ । दिनानुदिन बढ्दै गईरहेको विरामीको चाप र सो बिरामीहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न अपुग जनशक्ति तथा सेवा प्रवाहका लागि अपर्याप्त भौतिक संरचना नै हाल यस अस्पतालका प्रमुख समस्या रहेका छन् तथा सो को व्यवस्थापन नै हाल अस्पतालको मुख्य चुनौतीका रूपमा तेर्सिएको छ।

अस्पताल सुधारको निरन्तर प्रयासमा रहेको हामीलाई हरदम साथ र सहयोग प्रदान गर्नुभएका स्वास्थ्य मन्त्रालय बागमति प्रदेशको टिम, स्वास्थ्य निर्देशनालय बागमति प्रदेशको निरन्तर अनुगमन सुपरीवेक्षण मुल्याकन मार्गदर्शन तथा सहयोगका लागि विशेष आभार व्यक्त गर्दछु। अस्पताललाई सुधारको अग्रचरणमा पु-याउन अहोरात्र निःस्वार्थ खट्ने अस्पताल व्यवस्थापन समितिका अध्यक्ष श्री यम कुमार पाखीन ज्यू, अस्पताल व्यवस्थापन समितिका पदाधिकारीहरु, नागरिक समाजका अगुवाहरु, जनस्वास्थ्य कार्यालय रामेछाप लगायत अस्पतालका गतिविधिलाई नागरिक केन्द्रित तुल्याउन तत्पर रहनु हुने समूहलाई समेत हार्दिक आभार व्यक्त गर्दछु।अस्पतालको सेवा सुविधालाई थप गुणस्तरीय र पहुँच योग्य बनाउन हरपल सहयोग गर्नुहुने सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु। अस्पतालबाट प्रवाह गरिने सेवा सुविधा सम्बन्धमा आमनागरिकको सुसूचित हुने हकलाई सुनिश्चित गर्न यो प्रतिवेदन तयार गर्न हरपल निरन्तर खटिनुहुने मेडिकल रेकर्डर साथै आफ्नो जिम्मेवारीलाई कुशलतापूर्वक कर्तव्यनिष्ठ भई पुरा गर्नुहुने यस अस्पतालमा कार्यरत लेखा, प्रशासन लगायत अस्पतालका सम्पूर्ण शाखाका शाखा प्रमुख तथा अन्य सम्पूर्ण कर्मचारीहरुलाई पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।आउँदा दिनहरुमा अस्पतालको समग्र विकास, सेवा सुधार, र समृद्धिका लागि सबै पक्षबाट निरन्तर सहयोग र समन्वय रहनेछ भन्ने अपेक्षा लिएको छु ।

डा.अमित कुमार शाह

निमित्त मेडिकल सुपरीटेण्डेन्ट

# आ.व. २०८१/०८२ को बार्षिक प्रतिवेदन सम्पादन कार्यका योगदानकर्ताहरु

| क्र.स. | नाम, थर | पद |
|---|---|---|
| १ | डा.अमित कुमार शाह | निमित्त मेडिकल सुपरीटेण्डेन्ट |
| २ | श्री यशोदा बराल | वरिष्ठ नर्सिङ अधिकृत |
| ३ | डा.बिपिन कुमार शाह | मेडिकल अधिकृत |
| ४ | डा.रमा श्रेष्ठ | डेन्टल सर्जन |
| ५ | श्री इन्द्र राई | मेडिकल ल्याब टेक्नोलोजिष्ट |
| ६ | श्री बसन्त तामाङ | हे.अ. |
| ७ | श्री छविलाल घर्ति मगर | सहायक पाँचौ (प्रशासन) |
| ८ | श्री नविन भण्डारी | लेखापाल |
| ९ | श्री किसन कुमार शाह | रेडियोग्राफी निरिक्षक |
| १० | श्री तेजराम खत्री | सहायक फार्मेसिष्ट |
| ११ | श्री रिना हायू | स्टाफ नर्स |
| १२ | श्री सम्पदा सापकोटा | नेत्र सहायक |
| १३ | श्री प्रेम बहादुर बस्नेत | सहायक प्रशासन |
| १४ | श्री अस्मिता थापा मगर | कम्प्यूटर अपरेटर |

## राष्ट्रिय स्वास्थ्य निति २०७६

### १. पृष्ठभुमि

नेपालको सविधानले आधारभुत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलिक हकको रूपमा स्थापित गरेको छ। देश संघीय शासन प्रणालीमा गइसकेकोले संघीय संरचनाको वस्तुगत धरातलमा आधारित रही गणुस्तरीय स्वास्थ्य सेवालाई सबै नागरिकको सर्वसुलभ पहुँचमा पुर्याउनु राज्यको दायित्व हो। सविधान बमोजिम राज्यका संघ, प्रदेश र स्थानीय तह ले सम्पादन गर्ने कार्यहरूको एकल तथा साझा अधिकार सूची, नेपाल सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले विभिन्न समयमा गरेका अन्तराष्ट्रिय प्रतिबद्धताहरु एवं स्वास्थ्य क्षेत्र भित्रका समस्या र चनौतीहरू, उपलब्ध स्रोत साधन तथा प्रमाणलाई समेत आधार बनाई राष्ट्रिय स्वास्थ्य नीति २०७६ तर्जुमा गरी जारी गरिएको छ।

२ औचित्य, सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्य

### २.१. औचित्य

विद्यमान समस्या तथा चुनौतीहरुको सम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको संविधान प्रदत्त हक सुनिश्चित गर्न एवम संघीय संरचना अनुरुप विद्यमान स्वास्थ्य नीति, रणनीति तथा कार्यक्रमहरूलाई परिमार्जन गरी संघीयतामा आधारित राष्ट्रिय स्वास्थ्य नीति प्रतिपादन गर्न आवश्यक छ। विद्यमान स्वास्थ्य सेवालाई निरन्तरता दिदै यसका उपलब्धिहरूलाई समेत दिगो राख्दै राज्यको संघीय संरचना, अधिकार क्षेत्र तथा दायित्व अनुरुप स्वास्थ्य सेवाको संरचना विकास तथा विस्तारका लागि मार्गदर्शन गर्नु अपरिहार्य छ। नेपालले गरेका राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरू लाई सम्बोधन गर्नका लागि एवं नेपालले सहस्राब्दी विकास लक्ष्यहरूमा प्राप्त सफलतालाई कायम राख्दै दिगो विकासको लक्ष्य हासिल गर्नका लागि समेत यो नीति अनिर्वाय छ।

### २.२. निर्देशक सिद्धान्त

संघीय संरचना अनसारको स्वास्थ्य प्रणाली मार्फत सविधान प्रदत्त नागरिकको स्वास्थ्य सम्बन्धी मौलिक हक र गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच सुनिश्चित गर्न देहाय बमोजिमका निर्देशक सिद्धान्तहरुका
आधारमा यो नीति प्रतिपादन गरिएको छ।

क) गुणस्तरीय स्वास्थ्य सेवामा सर्वव्यापी पहुँचमा अविच्छिन्न पर्याप्तता, पारदर्शिता र व्यापकता।

ख) संघीय संरचना अनुरुप स्वास्थ्य प्रणालीमा बहुक्षेत्रीय सहभागिता, सहकार्य र साझेदारी।

ग) अति सिमान्तकृत दलित र आदिवासी समुदायलाई लक्षित विषेश स्वास्थ्य सेवा।

घ) स्वास्थ्य सुशासन र पर्याप्त आर्थिक लगानीको सुनिश्चितता।

ङ) समतामुलक स्वास्थ्य बिमाको विविधीकरण।

च) स्वास्थ्य सेवामा पुन संरचना।

छ) सबै नीतिमा स्वास्थ्य तथा बहुक्षेत्रीय समन्वय र सहकार्य ।

ज) स्वास्थ्य सेवा प्रवाहमा व्यवसायिकता, इमानदारी, पेसागत नैतिकता ।

### २.३. भावी सोच

स्वास्थ्य तथा सुखी जीवन लक्षित सजग र सचेत नागरिक ।

### २.४. ध्येय

साधन स्रोतको अधिकतम एवं प्रभावकारी प्रयोग गरी सहकार्य र साझदारी मार्फत नागरिकको स्वास्थय सम्बन्धी मौलिक हक सुनिश्चित गर्ने।

## २.५. लक्ष्य

सघीय सरचनामा सबै वर्गका नागरिकका लागि सामाजिक न्याय र सुशासनमा आधारित स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोग सुनिश्चित गर्ने ।

## २.६. उद्देश्यहरू

२.६.१. संविधान प्रदत्त स्वास्थ्य सम्बन्धी हक सबै नागरिकले उपभोग गर्न पाउने अवसर सिर्जना गर्न।

२.६.२. सघीय सरचना अनुरूप सबै किसिमका स्वास्थ्य प्रणालीलाई विकास, विस्तार र सुधार गर्नु।

२.६.३. सबै तहका स्वास्थ्य सस्थाहरूबाट प्रदान गरिने सेवाको गुणस्तरीय सुधार गर्दै पहुँच सुनिश्चित गर्ने ।

२.६.४ अति सिमान्तकृत वर्गलाई समेट्दै सामाजिक स्वास्थ्य सुरक्षा पद्धतिलाई सुदृढ गर्ने।

२.६.५. सरकारी, गैर-सरकारी तथा निजी क्षेत्र संग बहुक्षेत्रीय साझेदारी, सहकार्य तथा सामुदायिक सहभातगिलाई प्रबर्धन गर्ने।

२.६.६. नाफामुलक स्वास्थ्य क्षेत्रलाई सेवामुलक स्वास्थ्य सेवामा रूपान्तरण गर्दै लाने।

## ३. नितिहरु

३.१. सबै तहका स्वास्थ्य सस्थाहरूबाट तोकिए बमोजिम निःशुल्क आधारभुत स्वास्थ्य सेवा सुनिश्चित गरिनेछ ।

३.२. स्वास्थ्य बिमा मार्फत विशेषज्ञ सेवाको सुलभ पहुच सुनुश्चित गरिनेछ ।

३.३. सबै नागरिकलाई आधारभूत आकस्मिक स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गरिनेछ ।

३.४. स्वास्थ्य प्रणालीलाई संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तहमा पुनर्सरचना, सुधार एवं विकास तथा विस्तार गरिनेछ ।

३.५. स्वास्थमा सर्वव्यापनी पहुँच (Universal Health Coverage) को अवधारणा अनुरुप प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक सेवालाई एकीकृत रुपमा विकास तथा विस्तार गरिनेछ ।

३.६. स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैर-सरकारी क्षेत्र बिचको सहकार्य तथा साझेदारीलाई प्रबर्द्धन, व्यवस्थापन तथा नियमन गर्नुका साथै स्वास्थ्य शिक्षा, सेवा र अनुसन्धानका क्षेत्रमा निजी, आन्तरिक तथा बाह्य लगानीलाई प्रोत्साहन एवं सरक्षण गरिनेछ ।

३.७. आयुर्वेद, प्राकृति चिकित्सा, योग तथा होमियोप्याथिक लगायतका चिकित्सा प्रणाली लाई एकिकृत रुपमा विकास र विस्तार गरिनेछ ।

३.८. स्वास्थ्य सेवालाई सर्वसुलभ, प्रभावकारी तथा गुणस्तरीय बनाउन जनसंख्या, भुगोल र संघीय संरचना अनुरुप सीप मिश्रित तथा दक्ष स्वास्थ्य जनशक्तिको विकास तथा विस्तार गर्दै स्वास्थ्य सेवालाई व्यवस्थित गरिनेछ ।

३.९. सेवा प्रदायक व्यक्ति तथा संस्थाबाट प्रदान गरिने स्वास्थ्य सेवालाई प्रभावकारी, जवाफदेही र गुणस्तरीय बनाउन स्वास्थ्य व्यवसायी परिषद्हरुको संरचनाको विकास, विस्तार तथा सुधार गरिनेछ ।

३.१०. गुणस्तरीय औषधी तथा प्रविधिजन्य स्वास्थ्य सामाग्रीको आन्तरिक उत्पादनलाई प्रोत्साहन गर्दै, कुशल उत्पादन, आपूर्ति, भण्डारण, वितरणलाई नियमन तथा प्रभावकारी व्यवस्थापन मार्फत पहुँच एवं समुचित प्रयोग सुनिश्चित गरिनेछ ।

३.११. सरुवा रोग, किटजन्य रोग, पशुपन्छी रोग, जलवायु परिवर्तन र अन्य रोग तथा महामारी नियन्त्रण लगायत विपद् व्यवस्थापन पूर्व तयारी तथा प्रतिकार्यको एकीकृत उपाएहरु अवलम्बन गरिनेछ ।

३.१२. नसर्ने रोगहरु रोकथाम तथा नियन्त्रणका लागि व्यक्ति परिवार समाज तथा सम्बन्धित निकायलाई जिम्मेवार वनाउदै एकीकृत स्वास्थ्य प्रणालीको विकास तथा विस्तार गरिनेछ ।

३.१३. पोषणको अवस्थालाई सुधार गर्न, मिसावट युक्त तथा हानिकारक खानालाई निरुत्साहित गर्दै गुणस्तरीय एवं स्वास्थ्यवर्धक खाद्यपदार्थको प्रवर्द्धन, उत्पादन, प्रयोग र पहुँचलाई विस्तार गरिनेछ ।

३.१४. स्वास्थ्य अनुसन्धानलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप गुणस्तरीय बनाउँदै अनुसन्धानबाट प्राप्त प्रमाण र तथ्यहरुलाई नीति निर्माण, योजना तर्जुमा तथा स्वास्थ्य पद्धतिको विकासमा प्रभावकारी उपयोग गरिनेछ ।

३.१५. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाई आधुनिकिरण, गुणस्तरीय तथा प्रविधिमैत्री बनाई एकिकृत स्वास्थ्य सूचना प्रणालीको विकास गरिनेछ।

३.१६. स्वास्थ्यसम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हकको प्रत्याभूति गरिनेछ ।

३.१७. मानसिक स्वास्थ्य, मुख, आँखा, नाक कान घाँटी स्वास्थ्य लगायतका उपचार सेवालाई विकास र विस्तार गरिनेछ ।

३.१८. अस्पताल लगायत सबै प्रकारका स्वास्थ्य संस्थाबाट प्रदान गरिने सेवाको गुणस्तर सुनिश्चित गरिनेछ ।

३.१९. स्वास्थ्य क्षेत्रमा नीतिगत, संगठनात्मक तथा व्यवस्थापकीय संरचनामा समायनुकूल परिमार्जन तथा सुधार गर्दै सुशासन कायम गरिनेछ।

३.२०. सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोर-किशोरी तथा प्रजनन स्वास्थ्य, प्रौढ तथा जेष्ठ नागरिक लगायतका सेवाको विकास तथा विस्तार गरिनेछ ।

३.२१. स्वास्थ्य क्षेत्रको दिगो विकासका लागि आवश्यक वित्तिय स्रोत तथा विशेष कोषको व्यवस्था गरिनेछ।

३.२२. बढ्दो सहरीकरण, आन्तरिक तथा बाह्य बसाइसराइ जस्ता विषयहरुको समायनुकूल व्यवस्थापन गर्दै यसबाट हुने जनस्वास्थ्य सम्बन्धी समस्याहरुलाई समाधान गरिनेछ

३.२३. जनसांख्यिक तथ्यांक व्यवस्थापन, अनुसन्धान तथा विष्लेषण गरी निर्णय प्रक्रिया तथा कार्यक्रम तर्जुमासँग आवद्ध गरिनेछ ।

३.२४. प्रति-जैविक प्रतिरोधलाई न्यूनिकरण गर्दै संक्रामक रोग नियन्त्रण तथा व्यवस्थापनका लागि एकद्धार स्वास्थ्य प्रद्धतिको विकास तथा विस्तार गरिनुका साथै वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण लगायतका वातावरणीय प्रदुषणका साथै खाद्यन्न प्रदुषणलाई वैज्ञानिक ढंगले नियमन तथा नियन्त्रण गरिनेछ ।

३.२५. आप्रवासन प्रक्रियाबाट जनस्वास्थ्यमा उत्पन्न हुन सक्ने जोखिमलाई न्यूनिकरण गर्न तथा विदेशमा रहेका नेपाली नागरिकहरुको स्वास्थ्य सुरक्षाका लागि समुचित व्यवस्थापन गरिनेछ।

| बिषयवस्तुहरु | पृष्ठ नं. |
|---|---|


मन्तव्य ii

प्रतिवेदन सम्पादन कार्यका योगदानकर्ताहरु iii

राष्ट्रिय स्वास्थ्य निति २०७६ iv-vi

बिषयवस्तुहरु vii-viii

१.पृष्ठभूमी तथा परिचय (१-७)

१.१ रामेछाप जिल्लाको संक्षिप्त परिचय

१.२ रामेछाप अस्पताल, रामेछाप

१.३ संगठनात्मक संरचना

२.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरुको विवरण (७-२८)

२.१ उपचारात्मक तथा निदानात्मक सेवा

२.१.१ आकस्मिक सेवा

२.१.२ अन्तरंग सेवा

२.१.३. बहिरंग सेवा

२.१.४ निदानात्मक सेवा

२.२ प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवा

२.२.१ गर्भवति जाँच सेवा

२.२.२ परिवार नियोजन सेवा

२.२.३ खोप तथा पोषण सेवा

२.३. २४ सै घण्टा फार्मेसी तथा सोधपुछ काउन्टर सेवा

२.४. हेमोडायलाइसिस सेवा

२.५ Medico legal सेवा

२.६ OCMC सेवा

२.७ सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवा

२.८ स्वास्थ्य विमा कार्यक्रम

२.९ मातृ प्रतिक्षा गृह

२.१० मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम

२.११ रिफिलिङअक्सिजन सेवा

२.१२ Blood Bank Service

२.१३ Hospital Canteen

३. अस्पतालको वित्तिय व्यवस्थापन (२९-३०)

४.अस्पतालबाट प्रवाहित अन्य विविध कार्यक्रम तथा सेवाहरु (३०-३४)
४.१ इवार्स (Early Warning and Reporting System)
४.२ MPDSR कार्यक्रम
४.३ नियमित CME ( Continue Medical Education) कार्यक्रम संचालन
४.४ मासिक HMIS Data Verification र समीक्षा कार्यक्रम सञ्चालन
४.५ महामारी नियन्त्रणको लागि Rapid Response Team
४.६ Continuous Professional Development (CPD)
४.७ भौतिक पुर्वाधार मर्मत सम्भार

५.अस्पतालको वर्तमान अवस्था विश्लेषण तथा भावी कार्यदिशा (३४-३७)
५.१ अस्पतालका सवल पक्षहरु
५.२ अस्पतालका प्रमुख समस्याहरु
५.३ अस्पतालका प्रमुख चुनौतीहरू
५.४ अस्पतालका वर्तमान अवसरहरु
५.५ अस्पतालको भावी कार्ययोजना
५.६ विशेषज्ञ /विशिष्टीकृत सेवा सञ्चालन कार्यक्रम

सल्हाह तथा सुझाव

६.अस्पतालका केही तस्बिरहरु (३७-४८)

# १. पृष्ठभूमी तथा परिचय



## १.१ रामेछाप जिल्लाको संक्षिप्त परिचय

रामेछाप जिल्ला बागमतीप्रदेश मा अवस्थित एक पहाडी जिल्ला हो। यस जिल्लाको प्रदेश राजधानी हेटौडा हो भने रामेछाप बागमतीं प्रदशको १३ वटा जिल्ला मध्ये एक हो। यस जिल्लाको भौगोलिक विस्तार २७ डिग्री २८' उत्तरी अक्षांशदेखि २७ डिग्री ५०' उत्तरसम्म र ८५ डिग्री ५०' पूर्वी देशान्तरदेखि ८६ डिग्री ३५' पूर्वसम्म छ। मध्य महाभारत पर्वत श्रृङ्खलादेखि उच्च हिमाली श्रृङ्खलासम्म विस्तारित रामेछाप जिल्लाको भूबनोट समुद्री - सतहदेखि ४२६ मिटरको उचाईदेखि ६,९५८ मिटरको नुम्बुर हिमचुलीसम्म फैलिएकोछ। यस जिल्लाको कुल क्षेत्रफल १,५४६ वर्गकिलोमिटर रहेको छ।बि.सं.२०७८ सालको जनगणना अनुसार यस जिल्लाको जनसङ्ख्या १,७०,३०२ रहेको छ । यसको पुर्वमा ओखलढुङ्गा र सोलुखुम्बु, पश्चिममा काभ्रेपलाञ्चोक र सिन्धुपाल्चोक, उत्तरमा दोलखा र दक्षिणमा सिन्धुली जिल्ला रहेका छन । यस जिल्लामा बसोवास गर्ने प्रमुख जातजातिहरू तामाङ,नेवार,क्षेत्री,बाहुन आदि हुन ।

राजधानीले छोएको काभ्रेपलाञ्चोक जिल्ला चिनसँग सिमाना जोडिएको दोलखा र ओखलढुङ्गा जिल्ला र तराईले छोएको सिन्धुली जिल्लाको विचको १५४६ वर्ग कि.लो यो जिल्ला पर्याप्त स्रोत र साधन भएर पनि उपेक्षित अवस्थामै छ । रामेछापलाई तीनलालको जिल्ला भनेर पनि चिनिने गरिन्छ ।

## १.२ रामेछाप अस्पतालः-

### क) परिचयः-



वागमति प्रदेश रामेछाप जिल्ला, रामेछाप न.पा-०८, रामेछाप बजारमा अवस्थित रामेछाप अस्पताल वागमति प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय,स्वास्थ्य निर्देशनालय अन्तर्गतको एक स्वास्थ्य सेवा प्रदायक संस्था हो।यो अस्पताल स्वास्थ्य चौकीहरुको रेफरल अस्पतालको रुपमा पनि रहेको छ । ५४-३-१४ रोपनी क्षेत्रफलमा फैलिएको रामेछाप अस्पतालले स्थानीय समुदायका सेवाग्राहीहरुलाई न्युन शुल्कमा सर्वसुलभ एवम् गुणस्तरीय उपचारात्मक प्रतिकरात्मक र प्रबर्द्धनात्मक सेवा प्रदान गर्दै आईरहेको छ । यस अस्पतालले प्रतिकारात्मक

उपलब्धता नियमित नभएता पनि गुणस्तरीय सेवा प्रवाहका कारण जिल्लाको प्रमुख तथा जिम्मेवार स्वास्थ्य संस्थाको रुपमा जिल्ला भरका सम्पुर्ण स्वास्थ्य संस्थाको प्रेषण केन्द्रको रुपमा समेत कार्य गर्दछ।

## ख) रामेछाप अस्पतालको विकासक्रमः-



रामेछाप जिल्लामा बि.सं २०२० सालमा रामेछाप हेल्थ सेन्टरको रुपमा स्थापना भएको थियो। बि.सं २०५० सालमा जिल्ला स्वास्थ्य कार्यालय रामेछाप अन्तर्गत रहने गरी १५ शैयाको जिल्ला अस्पताल रामेछाप स्वीकृती प्राप्त भए पनि जनशक्ति तथा भौतिक संरचनाको अभावको कारणले १५ बेड सहित अन्तरङ्ग विभाग स्थापना खडा गरी जिल्ला अस्पताल रामेछापमा रूपान्तरण भई प्रसुती सेवा समेत आरम्भ भएको हो। आ.व. २०७५/७६ देखी संघिय संरचना अनुसार प्रदेश अन्तर्गतको अस्पतालको रुपमा रहेको थियो। अस्पताल विकास समितिले १५ शैया थप गरी आफ्नै श्रोत साधनमा सन्चालन गर्ने गरी ३० बेड स्वीकृत गरि नियमित रूपमा सञ्चालनमा रहेको थियो। आ.व.२०७९/०८० मा वागमती प्रदेश सरकारले ५० शैया स्तरउन्नती गरि डायलाइसिस सेवा, नवजात शिशु उपचार सेवा, PICU, General Ward वार्ड, सामाजिक सेवा इकाई जस्ता सेवा थप गरि सञ्चालन भईरहेको छ। ।

## ग) रामेछाप अस्पतालको प्राथमिकता तथा लक्ष्यहरुः-



- **दीर्घकालिन सोचः** स्वास्थ्य उत्पादनशिल, जिम्मेवार र सुखी नागरिक सेवा निर्माणमा सघाउ पुर्याउनका लागि अस्पताललाई १०० शैयामा स्तरोन्नती गर्ने ।
- **लक्ष्य :** सवल स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्दै जनस्तरमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्ने ।
- **उद्देश्यहरु :**
  - उपलब्ध स्रोत तथा साधनको अधिकतम उपयोग गरी स्वास्थ्य सेवाहरुको विकास र विस्तार गर्ने।
  - सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाका लागि यस अस्पतालको उत्तरदायित्व र प्रभावकारीता, अभिवृद्धि गर्दै स्वास्थ्य क्षेत्रलाई जनउपयोगी तथा सेवामुलक क्षेत्रको रुपमा क्रमशः रुपान्तरण गर्ने ।

- स्वास्थ्य सेवामा पहुँच तथा उपभोग बढाई सेवा प्रदायक र सेवाग्राहीलाई थप जिम्मेवार बनाउदै स्वास्थ्य जीवनशैली प्रबर्द्धन गर्ने ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गरी स्वास्थ्य क्षेत्रमा सरकारले लिएका अठोट एवं दिगो विकासका लक्ष्य प्राप्त गर्न सरकारलाई सघाउ पुल्याउने ।

### प्राथमिकताका आधारहरु :

१. लक्षित वर्ग सहायता कार्यक्रमहरु
२. अस्पतालका सेवा व्यवस्थापन गर्ने
३. प्राविधिक तथा अप्राविधिक जनशक्तिको विकास विस्तारगर्ने
४. भौतिक निर्माण सुधार गर्ने
५. जनआकांक्षा अनुरुप सेवा प्रवाहमा गर्न
६. सरसफाई व्यवस्थापनमा विशेष जोड दिने
७. सुरक्षा व्यवस्थापन गर्ने
८. अस्पतालको स्वास्थ्य अभियानमुलक कार्यक्रमहरु संचालन गर्ने आदि।



### घ) मुलभुत मान्यता

- इमान्दारीता
- जवाफदेहिता/उत्तरदायी
- विरामीप्रति नरम र शिष्ट व्यवहार, सम्मान, सेवाभाव
- पारदर्शिता
- समुह कार्य

### ङ) अस्पतालको भौतिक पुर्वाधार

### १.३ संगठनात्मक संरचना

मेडिकल सुपरटेन्डेन्ट (नवौं/ दशौ तह) अस्पताल प्रमुख रहने अस्पतालमा जम्मा ६० स्थायी कर्मचारीहरुको स्वीकृत दरबन्दी रहेको छ, जसमा हाल उपलब्ध स्थायी कर्मचारी १३ जना छन् भने दरबन्दी अनुसार मेडिकल सुपरटेन्डेन्ट पद रिक्त रहेकाले हाल अस्पतालमा कार्यरत स्थायी मेडिकल अधिकृत डा.अमित शाह ज्यूले नि.मेडिकल सुपरटेन्डेन्टको रूपमा सम्पुर्ण जिम्मेवारी बहन गरिरहनुभएको छ ।

अस्पतालको दरबन्दी तेरिज यस प्रकार रहेको छ ।

| क.स. | पद, नाम | तह | सेवा | समूह | दरबन्दी संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ब/ मेडिकल सुपरिन्टेण्डेन्ट | ९/१० | स्वास्थ्य | ज.हे.स. | १ | |
| २ | ब/क.ज. फिजिसियन | ९/१० | स्वास्थ्य | मेडिसिन | १ | |
| ३ | ब/क.अब्स तथा गाईनेकोलोजिष्ट | ९/१० | स्वास्थ्य | अब्स. गाईने | १ | |
| ४ | ब/क.पेडियाट्रीसियन | ९/१० | स्वास्थ्य | पेडियाट्रीक्स | १ | |
| ५ | ब/क. जनरल सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी | १ | |
| ६ | ब/क.अर्थोपेडिक सर्जन | ९/१० | स्वास्थ्य | सर्जरी अर्थो. | १ | |
| ७ | मेडिकल अधिकृत | ८ | स्वास्थ्य | ज.हे.स. | ८ | |
| ८ | डेन्टल सर्जन | ८ | स्वास्थ्य | डेन्टिष्ट्रि | १ | |
| ९ | नर्सिङ अधिकृत | ७ | स्वास्थ्य | जनरल नर्सिङ | १ | |
| १० | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७ | स्वास्थ्य | मे.ल्या.टे | १ | |
| ११ | एनेस्थेटिक सहायक | ५/६/७ | स्वास्थ्य | विविध | १ | |
| १२ | फार्मेसि सहायक | ५/६/७ | स्वास्थ्य | फार्मेसि | १ | |
| १३ | बायोमेडिकल टेक्निसियन | ५/६/७ | स्वास्थ्य | विविध | १ | |
| १४ | ल्याव टेक्निसियन | ५/६/७ | स्वास्थ्य | मे.ल्या.टे | ३ | |
| १५ | स्टाफ नर्स | ५/६/७ | स्वास्थ्य | जनरल नर्सिङ | १३ | |
| १६ | हेल्थ असिष्टेन्ट | ५/६/७ | स्वास्थ्य | हे.अ. | ४ | |
| १७ | रेडियोग्राफर | ५/६/७ | स्वास्थ्य | रेडियोग्राफी | ३ | |
| १८ | मेडिकल रेकर्डर सुपरभाईजर | ५ | स्वास्थ्य | मे.रेकडर्स | १ | |
| १९ | सहायक/अधिकृत | ५/६ | प्रशासन | सा.प्र. | १ | |
| २० | सहायक/अधिकृत | ५/६ | प्रशासन | सा.प्र. | १ | |
| २१ | अ.न.मी./प.हे. नर्स | ४/५/६ | स्वास्थ्य | क.न. | २ | |
| २२ | अ.हे.व./हे.अ. | ४/५/६ | स्वास्थ्य | हे.ई. | २ | |
| २३ | डेन्टल हाईजिनिष्ट | ४/५/६ | स्वास्थ्य | डेन्टिष्ट्रि | १ | |
| २४ | सहायक कम्प्युटर अपरेटर | ४/५/६ | प्रशासन | विविध | १ | |
| २५ | हलुका सवारि चालक | श्रेणी विहिन | ई | मे.ई. | १ | |
| २६ | स्वीपर (का. सहयोगी सरह) | श्रेणी विहिन | प्रशासन | सा.प्र. | ९ | |
| जम्मा | | | | | ६० | |

स्वीकृत दरबन्दीको बर्तमान स्थितिः-

| क्र.स. | पद, नाम | तह | स्वीकृत दरबन्दीको विवरण | | | स्वीकृत दरबन्दी पदपुर्ति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | स्वीकृत | पदपुर्ति | रिक्त | | |
| १ | ब/ मेडिकल सुपरिन्टेण्डेन्ट | ९/१० | १ | ० | १ | ० | |
| २ | ब/क.ज. फिजिसियन | ९/१० | १ | ० | १ | ० | |
| ३ | ब/क.अब्स तथा गाईनेकोलोजिष्ट | ९/१० | १ | ० | १ | ० | |
| ४ | ब/क.पेडियाट्रीसियन | ९/१० | १ | ० | १ | १ | करारमा |
| ५ | ब/क. जनरल सर्जन | ९/१० | १ | ० | १ | १ | करारमा |
| ६ | ब/क.अर्थोपेडिक सर्जन | ९/१० | १ | ० | १ | १ | करारमा |
| ७ | मेडिकल अधिकृत | ८ | ७ | २ | ६ | ८ | ६ जना करार<br>१ जना काजमा |
| ८ | डेन्टल सर्जन | ८ | १ | ० | १ | १ | करारमा |
| ९ | नर्सिङ अधिकृत | ७ | १ | १ | ० | १ | काजमा आठौं |
| १० | मेडिकल ल्याब टेक्नोलोजिष्ट | ७ | १ | १ | ० | १ | |
| ११ | एनेस्थेटिक सहायक | ५/६/७ | १ | ० | १ | १ | करारमा |
| १२ | फार्मेसि सहायक | ५/६/७ | १ | ० | १ | १ | करारमा |
| १३ | बायोमेडिकल टेक्निसियन | ५/६/७ | १ | ० | १ | ० | |
| १४ | ल्याव टेक्निसियन | ५/६/७ | ३ | २ | १ | २ | |
| १५ | स्टाफ नर्स | ५/६/७ | १३ | ४ | ९ | १३ | ९ जना करारमा |
| १६ | हेल्थ असिष्टेन्ट | ५/६/७ | ४ | ४ | ० | ४ | |
| १७ | रेडियोग्राफर | ५/६/७ | ३ | १ | २ | ३ | २ करारमा |
| १८ | मेडिकल रेकर्डर सुपरभाईजर | ५ | १ | ० | १ | ० | |
| १९ | सहायक/अधिकृत | ५/६ | १ | १ | ० | १ | |
| २० | सहायक/अधिकृत | ५/६ | १ | १ | ० | १ | |
| २१ | अ.न.मी./प.हे. नर्स | ४/५/६ | २ | ० | २ | १ | १ जना करारमा |
| २२ | अ.हे.व./हे.अ. | ४/५/६ | २ | ० | २ | १ | १ जना करारमा |
| २३ | डेन्टल हाईजिनिष्ट | ४/५/६ | १ | ० | १ | १ | करारमा |
| २४ | सहायक कम्प्युटर अपरेटर | ४/५/६ | १ | ० | १ | १ | करारमा |
| २६ | स्वीपर (का. सहयोगी सरह) | श्रेणी | ९ | २ | ७ | | ५ जना |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विहिन | | | | ७ | करारमा |
| जम्मा | | | ६० | १९ | ४२ | ५१ | |

छात्रबृति करारमा कार्यरत कर्मचारीहरुः-

| क.स. | पद | श्रेणी/तह | पदपुर्ती | कैफियत |
|---|---|---|---|---|
| १ | MDGEP&EM | नवौं | १ | |
| २ | मेडिकल अधिकृत | आठौं | ३ | |
| ३ | डेन्टल सर्जन | आठौं | २ | |
| ४ | नर्सिङ अधिकृत | सातौं | ३ | |
| कुल संख्या | | | ९ | |

कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारीहरुः-

| क.स. | पद | श्रेणी/तह | पदपुर्ती | कैफियत |
|---|---|---|---|---|
| १. | मेडिकल अधिकृत (ASBA) | आठौं | १ | CEONC and OCMC Program, ART counseller |
| २. | स्टाफ नर्स | पाचौं | २ | |
| | ल्याब टेक्निसियन | पाचौं | १ | |
| ३. | स्वीपर (का. सहयोगी सरह) | श्रेणी विहिन | ४ | |
| ४. | परामर्शकर्ता | चौथो | २ | सामाजिक सेवा ईकाई |
| कुल संख्या | | | १० | |

नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरु

| क.स. | पद | श्रेणी/तह | पदपुर्ती | कैफियत |
|---|---|---|---|---|
| १ | जनस्वास्थ्य निरिक्षक | छैटौं | १ | |
| २ | सि.अ.न.मी | पाचौं | १ | |
| ३ | नेत्र सहायक | पाचौं | १ | करारमा |
| कुल संख्या | | | ३ | |

अस्पताल विकाश समिति अन्तर्गत कार्यरत कर्मचारीहरु

| क.स. | पद | श्रेणी/तह | पदपुर्ती | कैफियत |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १ | सा.प्र. | चौथो | १ | |
| २ | ह.स.चा. | श्रेणी विहिन | १ | |
| कुल संख्या | | | २ | |

| स्वीकृत अस्थायी दरबन्दी अन्तर्गत कार्यरत कर्मचारीहरु | | | | |
|---|---|---|---|---|
| क्र.स. | पद | श्रेणी/तह | पदपुर्ती | कैफियत |
| १ | स्वीपर (का. सहयोगी सरह) | श्रेणी विहिन | ३ | |
| २ | ह.स.चा. | श्रेणी विहिन | १ | |
| कुल संख्या | | | ४ | |

**हाल जम्मा कार्यरत कर्मचारी ७९ जना रहेका छन्।**

## २.अस्पतालबाट प्रदान गरिने मुख्य सेवाहरुको बिवरण

### २.१ उपचारात्मक तथा निदानात्मक सेवा


रामेछाप अस्पताल रामेछापबाट २४ सै घण्टा निम्नलिखित उपचारात्मक तथा निदानात्मक सेवा प्रदान भैईरहेका छन्।

#### २.१.१ आकस्मिक सेवा



अस्पतालबाट प्रदान गरिने यो सेवामा हरेक दिन तिन सिफ्ट ड्यूटि अनुसार खटाइएका स्वास्थ्यकर्मी तथा अन ड्युटीमा रहेका मेडिकल अधिकृत र विशेषज्ञ चिकित्सकहरुले प्रत्येक दिन चौबिस घण्टा सेवा प्रदान गर्ने गर्दछन। यो सेवा प्रवाहको लागी रामेछाप अस्पतालले ६ वटा बेडको व्यवस्था गरेको छ । यो सेवा लिनका लागी अस्पताल व्यवस्थापन समितिले

प्रतिव्यक्ति रु ५० सेवा शुल्क निर्धारण गरेको छ तर नेपाल सरकारले निःशुल्क स्वास्थ्य सेवा पाउने भनि तोकिएका लक्षित वर्गहरुलाई यो सेवा निःशुल्क प्रदान गर्ने गरिन्छ। इमेजेन्सी शाखाबाट प्रदान गरिएको सेवा यस प्रकार प्रस्तुत गरिएको छ




## २.१.२ अन्तरंग सेवा

### क) General Inpatient ward



रामेछाप अस्पतालबाट प्रदान गरिने सेवाहरुमध्ये यो सेवा पनि पर्दछ जस अन्तर्गत जम्मा ३० वटा बेडको व्यवस्था गरि निशुल्क रुपमा यो सेवा सञ्चालन गरिएको छ । यो सेवा प्रदान गर्नका लागी हरेक दिन तिन सिफ्टमा नर्सिङ स्टाफलाई खटाईएको हुन्छ साथै अन्तरंग सेवामा भर्ना भएका बिरामीलाई विशेषज्ञ चिकित्सकहरु सहित २४ सै घण्टा ड्युटीमा रहेका चिकित्सकहरुले जाँच गर्ने गर्दछन्। अस्पतालले भर्ना भएका विरामीहरुलाई बिहानको नास्ता र खाना साथै साझको खाना समेत निःशुल्क रूपमा उपलब्ध गराउदै आएको छ ।

| Data / Fiscal Years | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/८२ |
|---|---|---|---|---|---|
| Admission Clients | ६५४ | ७६० | १०२३ | ९२२ | ९५६ |
| Refer Clients | ७२ | १०२ | ७९ | १६३ | ७० |
| Average length of stay in hospital | ३.६ | ३.८ | ५.३ | ३.५ | ३.७ |

| | | | | | |
|---|---|---|---|---|---|
| Bed occupancy rate | ३७.४ | ३५.९ | ३५.६ | ३०.४ | २६.६ |
| Hospital bed turnover Interval | ९९.३ | १२३.८ | ११३.९ | १३५.४ | १६७.८८ |
| Hospital bed turnover rate | २.१ | १.८ | ३.२ | २.६ | २.१३ |

माथि देखाईएको तथ्यांक अनुसार आर्थिक वर्ष २०८१/०८२ मा अन्तरंग सेवामा भर्ना भएका विरामीको जम्मा संख्या ९५६ पुगेको छ । यसरी अस्पतालबाट प्रवाह हुने महत्वपुर्ण सेवा मध्येको एक अन्तरंग सेवामा गत आर्थिक वर्ष भन्दा तुलनात्मक रुपमा सेवाग्राहीको संख्या बढेको छ यसो हुनुको प्रमुख कारण यस आ.व.मा सेवाको गुणस्तर बृद्धि र विशेषज्ञहरुबाट सेवा प्रदान गर्नु हो। संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, तथा अन्य सहयोगी संस्थाबाट प्राप्त आर्थिक लगायत प्राविधिक सहयोगका कारण अस्पतालमा दक्ष जनशक्ति र आवश्यक औजार उपकरण उपलब्धता भएको हुँदा क्रमिक रुपमा अस्पताल सुधारको अग्रगतीमा गइरहेको देखिन्छ ।समय समयमा हुने महामारी र अन्य प्रकोप रोकथामका लागि पूर्वतयारी सामाग्रीहरु तथा जनशक्तिहरुलाई सजग राख्नुपर्ने र अस्पतालमा नर्स र थप शैयाको व्यवस्था पनि गर्नु पर्ने देखिन्छ ।

## ख) सुरक्षित प्रसुति सेवा तथा गर्भपतन सेवा

यस अस्पतालबाट प्रदान गरिने अन्तरंग सेवा अर्न्तगत यो सेवा महत्वपुर्ण सेवा हो। गर्भवती, सुत्केरी तथा अन्य महिलाहरुलाई सुरक्षित प्रसुति तथा गर्भपतन सेवा २४ सै घण्टा प्रदान गरिन्छ। यो सेवा प्रदान गर्न अस्पतालमा ९ वटा बेडको ब्यवस्था गरी नि:शुल्क रुपमा सेवा प्रदान गर्न एमडिजिपि चिकित्सक र Skill Birth Attendant तालिम प्राप्त चिकित्सक तथा स्वाथ्यकर्मीको उपलब्धता रहेको छ। सुरक्षित गर्भपतन र प्रसुती सेवाका तथ्याङ्क यस प्रकार रहेका छन् ।

**Delivery Service Elements and Indicator**

| Data / Period | FY २०७७/२०७८ | FY २०७८/२०७९ | FY २०७९/२०८० | FY २०८०/०८१ | FY २०८१/०८२ |
|---|---|---|---|---|---|
| Total Delivery | ७१ | ९२ | १६० | १२७ | १२८ |
| Total Normal delivery | ७१ | ७४ | ११८ | ८६ | ८० |
| Total C/S Delivery | ० | १८ | ४१ | ३९ | ४८ |
| Total vacuum/forceps delivery | ० | ० | २ | २ | ० |
| Twins Delivery | ० | ० | १ | १ | २ |
| Total Live Birth | ७१ | ९२ | १६१ | १२५ | १३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| Still Birth | ० | ० | ० | ० | १ |
| Received Mother Transport Incentive from Safe motherhood Program | ७१ | ९२ | १५९ | १२७ | १२८ |
| Received Mother ANC Incentive from Safe motherhood Program | ४२ | ६६ | १०६ | ८० | ७८ |
| **Abortion Service** | | | | | |
| Total Abortion service received | ६५ | ५७ | ५८ | ५३ | ७३ |


माथि देखाईएको तथ्यांक अनुसार गत आ.ब.को तुलनामा यस आ.व. मा सेवाग्राहिको संख्या केही मात्रामा वृद्धि भएको देखिन्छ । प्रसुती अगावै तथा प्रसुती पश्चात देखिने स्वास्थ्य समस्याहरुलाई अस्पतालमै व्यवस्थापन गर्न २४ सै घण्टा MDGP Consultant को नियमित उपलब्धता र जटिल किसिमको प्रसुती पनि अस्पतालमै गराउन सकिने भएकाले नै रामेछाप अस्पतालमा प्रसुती सेवा लिन आउने सेवाग्राहीलाई पहुँच राम्रो रहेको छ । साथै चौविसै घण्टा एम्बुलेन्सको उपलब्धता लगायत नियमित तथा गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका कारण पनि सेवाग्राहीलाई सहज रहेको छ ।



ग) SNCU Services

यस अस्पतालमा विगतका वर्षदेखि नियमित रूपमा २ वटा बेडबाट SNCU सेवा प्रदान भइरहेको छ। साथै २४ सै घण्टा बालरोग विशेषज्ञको उपलब्धता हुँदा यो सेवा लिने बिरामीको संख्या अघिल्लो बर्षको भन्दा तुलनात्मक रुपमा बढेको छ। यस अस्पतालबाट २८ दिन सम्मको बच्चाहरुलाई निःशुल्क यो सेवा प्रदान गर्ने गरिन्छ।






## घ) शल्यक्रिया सेवा



यस अस्पतालले जटिल तथा सामान्य दुबै किसिमका शल्यक्रिया सेवा प्रदान गर्दै आईरहेको छ । C/S, Hernia, Appendicitis, Hydrocele सम्बन्धी

शल्यक्रिया आदि सेवाहरु जटिल शल्यक्रियामा उपलब्ध छन् र प्लास्टर साथै सामान्य शल्यक्रिया सेवा पनि उपलब्ध छन। अस्पतालबाट यस सेवा अन्तर्गत पुरुषमा देखिने Hydrocele को निःशुल्क शल्यक्रिया हुन्छ ।

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार यस आर्थिक वर्षमा गरिएको जटिल र सामान्य दुवै किसिमका शल्यक्रिया सेवा प्राप्त गर्ने सेवाग्राहीको संख्या गत तथा विगतका आर्थिक वर्षको तुलनामा केहि रुपमा बढेको पाईन्छ।

| क.स. | अप्रेशन सेवाको प्रकार | आ.व. २०७९/२०८० | | आ.व. २०८०/०८१ | | आ.व. २०८१/०८२ | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पूरुष | महिला | पूरुष | महिला | पूरुष |
| १ | प्रसुति सेवा | ४१ | ० | ३९ | ० | ४८ | ० |
| २ | हर्निया | ० | ० | ० | ० | ० | ० |
| ३ | हाइड्रोशिल | ० | १ | ० | १ | ० | ० |
| ४ | Minor OT | ११ | ५ | ५ | ३ | ३ | १ |
| | जम्मा | ५२ | ६ | ४४ | ४ | ५१ | १ |

## २.१.३. बहिरंग सेवा




रामेछाप अस्पतालबाट प्रदान गरिने बहिरंग सेवा शनिवार तथा सार्वजनिक विदाका दिनहरु बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि दिउसो ४:०० बजेसम्म नियमित रूपमा सञ्चालन गर्ने गरिन्छ, जहाँ विशेषज्ञ चिकित्सक तथा मेडिकल अधिकृतहरुले नियमित रुपमा गुणस्तरीय सेवा प्रदान गर्दै आईरहनुभएको छ । बहिरंग सेवा अन्तर्गत रामेछाप अस्पतालमै दन्तरोग, जनरल ओ.पी.डी., स्त्री तथा प्रसुती रोग, आँखा रोग, बाल रोग, हाड जोर्नी सम्बन्धी सेवा प्रवाह गर्दै आएको छ । बिरामीको स्वास्थ्य अवस्था अनुसार आवश्यक परीक्षण पश्चात ओ.पि.डि. बाट निरोगिता प्रमाण पत्र र अपाङ्गता प्रमाण पत्र समेत प्रदान गरिन्छ। अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम ओ.पि.डि. सेवाको सेवा शुल्क रु २५/, अपाङ्गता प्रमाण पत्र निःशुल्क र निरोगिता

प्रमाण पत्रको लागि रु ५००/- निर्धारण गरिएको छ । स्थानिय समुदायलाई अस्पतालमा उपलब्ध स्रोत तथा साधनको उचित रूपमा प्रयोग गरी भरपर्दो सेवा प्रदान गर्नुका साथै उचित परामर्श सेवा नै यस अस्पतालको मूख्य विशेषता हुन ।

## क)बार्षिक सेवाग्राही चाप

निम्नानुसार प्रस्तुत गरिएको तथ्यांक अनुसार अस्पतालको गत आर्थिक वर्षको तुलनामा यस आ.व. २०८१/०८२ मा बहिरंग सेवा अन्तर्गत सेवाग्राहीको संख्या बढेको देखिन्छ, विशेषज्ञ चिकित्सकको उपलब्धता भएको कारणले गर्दा ओ.पि.डि.सेवामा प्रत्यक्ष प्रभावित रहेको देखिन्छ। ।





## ख) आँखा ओ.पि.डि. सेवा



रामेछाप अस्पतालमा सञ्चालित आँखा सेवा वि.स. २०७८ साल मंसिर महिना देखि तिलगंगा आँखा प्रतिष्ठानको सहयोग र रामेछाप अस्पतालको व्यवस्थापन तथा रामेछाप नगरपालिकाबाट कर्मचारी व्यवस्थापन गरि सेवा सूचारु गरिएको हो। आँखा सेवा शनिवार तथा सार्वजनिक


विदाका दिनहरु बाहेक प्रत्येक दिन विहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म नियमित रूपमा एक जना मात्र कर्मचारीवाट सेवा सञ्चालन भइरहेको छ तर इमर्जेन्सीको हकमा आवश्यकता अनुसार २४ सै घण्टा सेवा प्रदान भइरहेको छ । अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम यस सेवाको सेवा शुल्क रु ५०/- निर्धारण गरिएको छ । विगतको वर्षहरुमा भन्दा यस आ.व.मा आँखा सेवा तुलनात्मक रूपमा घटेको छ जसको कारण कर्मचारीको परिवर्तन तथा आकस्मिक राजिनामा हुदाँ केहि समयको लागि सेवा अबरुद्ध रहेको थियो।




## ग) दन्त ओ.पि.डि. सेवा



रामेछाप अस्पतालमा सञ्चालित दन्त ओपिडि सेवा वि.स. २०७५/०२/१९ गते देखि शनिवार तथा सार्वजनिक बिदाका दिनहरु बाहेक प्रत्येक दिन बिहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म नियमित रुपमा सञ्चालन गर्ने गरिन्छ। दन्त शाखामा नेपाल सरकार छात्रवृत्ती अन्तर्गतका डेन्टल सर्जन ३ जना डेन्टल हाइजेनिस्ट १ जना गरि ४ जनाबाट सेवा प्रदान भइरहेको छ । दिनानुदिन यो सेवा लिने सेवाग्राहीको संख्या वृद्धि भएको छ ।




## २.१.४ निदानात्मक सेवा

### क) एक्स-रे सेवा




अस्पतालबाट प्रदान गरिने यो सेवाको दायरा विस्तार गर्ने उद्देश्यले सेवाग्राहीको अवस्थालाई मध्येनजर गरेर २४ सै घण्टा यो सेवा सञ्चालन गरिएको छ ।अस्पतालमा यो सेवा प्रदान गर्नका लागी रेडियोग्राफरहरुको व्यवस्था गरिएको छ ।अस्पताल व्यवस्थापन समितिको निर्णय बमोजिम यो सेवा लिन आउने नेपाल सरकारले तोकेका लक्षित वर्ग बाहेक अन्य सेवाग्राहीहरुले एक्सरे सेवा वापत सेवा शुल्क निर्धारण गरिएको छ ।

### ख) इसिजि सेवा

रामेछाप अस्पतालले यो सेवा सेवाग्राहीको अवस्था तथा आकस्मिकताका आधारमा इमर्जेन्सी शाखाबाट चौविसै घण्टा सेवा प्रदान गर्दै आईरहेको छ। अस्पताल व्यवस्थापन समितिको निर्णयानुसार यो सेवा प्राप्त गर्न प्रति सेवाग्राही रु १८०/- सेवा शुल्क निर्धारण गरिएको छ भने नेपाल सरकारले तोकेका लक्षित बर्गलाई यो सेवा निःशुल्क उपलब्ध गराइन्छ । इसिजि सेवाको लागी आवश्यक औजार तथा उपकरणको उपलब्धता, सेवामा नियमितता रहेको छ ।

### ग) भिडियो एक्स रे सेवा

शनिवार र सार्वजनिक विदाका दिन बाहेक प्रत्येक दिन बिहान १०:०० बजे देखि ४:०० बजेसम्म यो सेवा प्रदान गर्ने गरिन्छ यसका साथै सेवाग्राहीको अवस्था तथा आकस्मिक अवस्थामा यो सेवा चौविसै घण्टा दक्ष चिकित्सकबाट प्रदान गर्ने व्यवस्था रामेछाप अस्पतालले गरेको छ । यो सेवा नेपाल सरकारले तोकेका लक्षित समूहलाई निशुल्क रुपमा सेवा प्रदान गरिन्छ। गत आर्थिक बर्षको तुलनामा यस आर्थिक वर्षमा भिडियो एक्स रे सेवा पाएका सेवाग्राहिहरुको संख्यामा उल्लेखनीय रुपमा वृद्धी भएको छ।




## घ) प्रयोगशाला सेवा


प्रयोगशाला सेवा अस्पतालले ४ जना कर्मचारीबाट चौविसै घण्टा सेवा प्रदान गर्दछ। जसमा १ जना ल्याब टेक्नोलोजिष्ट र ३ जना ल्याब टेक्निसियन रहनुभएको छ । अस्पताल व्यवस्थापन समिति रामेछाप अस्पतालको निर्णयानुसार प्रयोगशाला सेवा अन्तर्गतका विभिन्न परिक्षण वापत शुल्क निर्धारण गरिएको छ तर नेपाल सरकारले तोकेका लक्षित बर्ग लाई यो सेवा निःशुल्क रुपमा प्रदान गर्ने गरिन्छ । अस्पताल बाट प्रदान किसिमका प्रयोगशाला सेवा प्रवाह गर्ने गरिन् । यस सेवा अन्तर्गत Hematology, Parasitology, Biochemistry, Bacteriology, Serology,





cytology, Immunology test And Endocrinology गर्ने गरिन्छ ।

विगत ५ बर्षको प्रयोगशालाबाट सेवा लिने सेवाग्राहीहरुको विवरण यसप्रकार रहेको छ।




## रामेछाप अस्पतालबाट उपलब्ध प्रयोगशाला जाँच तथा सेवाहरुः-

**१.Hematology**

- CBC(TLC, DLC, Hb, Platelates, RBC, PCV, HCV, MCHC, MCV)
- ESR
- Smear MP MP Total
- Blood Group & Rh Type
- HBAIC BT/CT
- PT/INR

**२.Bio-Chemistry**

- Blood glucose f/pp/R Blood Urea
- S/Creatinine
- Uric Acid
- Sodium(Na+)
- Potassium(K+)
- S/Bilirubin total & Direct
- SGOT
- SGPT
- Alkaline Phosphatase Total Cholesterol

- Triglycercide
- HDL Cholesterol LDL Cholesterol
- VLDL
- S/Amylase Total Protein
- Iso Troponin

**३.Parasitology**

- Urine R/E
- Stool R/E
- Urine Pregnancy Test
- Acetone
- Occult Blood Test
- Urine for Acetone
- Semen Analysis
- Stool for Reducing Sugar

**४. Immunology +Virology**

- HIV
- HBsAg
- E VDRL HCV
- Troponine I
- H. Pylori
- Mantoux
- Dengue Scrub Typhus
- RK-३९ MP RDT
- MP PBS
- Pregnancy
- ASO Titre
- CRP qualitative
- RA Factor qualitative
- Widal
- CD४ Count

**५. Bacteriology**

- Urine C/S

- AFB Stain

६. **Hormone/Endocrine**

- T३
- T४
- TSH
- Vitamin D

रामेछाप अस्पतालमा यस आर्थिक बर्षमा ९६०० जना सेवाग्राहीहरुको ८९७०२ वटा प्रयोगशाला परिक्षण सेवा प्रदान गरिएकोमा सबैभन्दा बढि Hematology का Test हरु (४७ प्रतिशत) भएको तथा सबैभन्दा कम Bacteriology का Test हरु (०.७९ प्रतिशत) भएको निम्नानुसार प्रस्तुत गरीएको तथ्यांकले देखाएको छ।

| Type of Test | FY२०७७/२०७८ | FY२०७८/२०७९ | FY२०७९/२०८० | FY२०८०/०८१ | FY२०८१/०८२ |
|---|---|---|---|---|---|
| **Hematology** | ८९७४ | १४००८ | २५५१२ | ३२१८२ | ४२६०१ |
| **Immunology** | २२६८ | २९२१ | ३९७२ | ५९५१ | ४०१३ |
| **Bio-Chemistry** | ९६२३ | ९९३८ | १८८६५ | २५१४५ | ३१८२१ |
| **Bacteriology** | ३०७ | १७१ | १५६ | २१० | ७१२ |
| **Virology** | ५२६ | ४८४ | ११३८ | १०२७ | १२५४ |
| **Parasitology** | २७९७ | २२८५ | ३६३७ | ४०५६ | ४६५८ |
| **Hormone/Endocrine** | ३५६ | ६०२ | ७३८ | ३२५५ | ४६४३ |
| **Total** | २४८५१ | ३०४०९ | ५४०१८ | ७१७३१ | ८९७०२ |

## ङ) Visual inspection with acetic acid (VIA) Screening

विश्व स्वास्थ्य संगठनले पाठेघरको मुखको क्यान्सर उन्मुलन रणनीति २०२० मा ३० वर्ष भन्दा माथिका महिलाहरुलाई वा उच्च जोखिममा परेका महिलाहरुलाई पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ गरी उन्मूलन गर्ने रणनीति बमोजिम यस अस्पतालमा पनि समयमै सम्भावित क्यान्सरको अवस्था बारे पहिचान गरि परामर्श तथा सम्भावित विरामीहरुलाई निदान तथा उपचारको आवश्यकता अनुसार उपचार र प्रेषण गर्ने कार्य गरिरहेको छ । परीक्षण तथा परामर्श सेवा निःशुल्क रुपमा प्रदान गरिन्छ ।

## २.२ प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवा

रामेछाप अस्पतालले मातृ तथा नवशिशु स्वास्थ्य शाखा मार्फत अस्पतालबाट प्रवाह गर्नुपर्ने प्रवर्द्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा प्रदान गरिरहेको छ जसका लागि तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीहरुको व्यवस्था पनि गरिएको छ ।

### २.२.१ गर्भवति जाँच सेवा

अस्पतालबाट प्रबर्द्धनात्मक सेवा अन्तर्गतको यो सेवा शनिबार र सार्वजनिक विदाका दिन बाहेक नियमित रूपमा विहान १०:०० बजेदेखि दिउँसो ४:०० बजेसम्म सञ्चालन हुने गर्दछ । यो सेवा गर्भावस्थाका महिलाहरुलाई प्रदान गरिन्छ ।

**सेवाको उद्देश्य**

- मातृ तथा नवशिशु मृत्युदर घटाउनु
- गर्भावस्थामा उच्च जोखिममा रहेका महिलाहरुलाई समयमै पहिचान, व्यवस्थापन र जटिलतालाई अस्पतालमै व्यवस्थापन गर्न नसकिने देखिएमा उचित स्थानमा प्रेषण गर्नु
- गर्भवती महिलालाई गर्भावस्था देखिनु परिवार नियोजनको उचित परामर्श दिनु रहेको छ।

रामेछाप अस्पतालले यो सेवा प्रवाह गर्नका लागि तालीम प्राप्त दक्ष स्वास्थ्यकर्मीहरुको व्यवस्था गरको छ । सेवा दिदाँ दक्ष तथा तालीम प्राप्त नर्सिङ्ग स्टाफ तथा चिकित्सकले निशुल्क रुपमा गर्भ जाँच गर्नुका साथै उचित परामर्श सेवा प्रदान गर्ने गर्दछन। यो सेवा सँग सम्बन्धित महत्वपूर्ण तथ्याङ्कहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

| गर्भवति परिक्षण समय | उमेर समुह | आ.व. २०७७/७८ | आ.व. २०७८/७९ | आ.व. २०७९/८० | आ.व. २०८०/८१ | आ.व. २०८१/८२ |
|---|---|---|---|---|---|---|
| ANC First Visit | <२० Years | २ | ६ | ४ | ५ | २ |
| | ≥२०Years | ६० | ९६ | ५३ | ५७ | ३४ |
| ANC ४th Month Visit | <२० Years | २ | ५ | ४ | ० | ३ |
| | ≥२०Years | २१ | ३९ | २६ | १३ | २१ |
| ANC Visit as | <२० | ४ | ५ | ० | १ | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| per protocal | Years | | | | | |
| | ≥२०Years | ३६ | ५७ | ० | १२ | ८ |

## २.२.२. परिवार नियोजन सेवा

रामेछाप अस्पतालले प्रबर्द्धनात्मक सेवा अन्तर्गत स्थाई तथा अस्थाई दुबै किसिमका परिवार नियोजनको सेवा प्रदान गर्दै आइरहेको छ। अस्पतालले यो सेवा प्रदान गर्नका लागी दक्ष एवम् तालिम प्राप्त जनशक्तिको व्यवस्था गरेको छ । अस्थायी र स्थायी परिवार नियोजन सेवाका लागी अस्पतालले संस्थागत क्लिनिकबाट यो सेवा प्रवाह गराउदै आएको छ ।


परिवार नियोजनका साधनहरु हाल अपनाई रहेका सेवाग्राहीको संख्यालाई देहाय अनुसार उल्लेख गरिएको छ।

| क्र.स. | परिवार नियोजनको साधन (Current User) | २०७७/७८ | २०७८/७९ | २०७९/८० | २०८०/०८१ | २०८१/०८२ |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | अस्थायी साधन | | | | | |
| १ | Condom(CYP) | ४५६२ | ४१०० | २०३० | ४२८३ | १८५३ |
| २ | Pills New uses | ९ | १० | ५ | १९ | १० |
| | Pills Current User | ६ | ३ | २ | ६ | ४ |
| ३ | Depo New User | २५ | २१ | ६३ | ३३ | ५५ |
| | Depo Current User | ५० | ४३ | २७ | ३६ | ६३ |
| ४ | Implant New User | ५० | ५० | ४९ | २२ | २४ |
| | Implant Current User | ४६० | ४८५ | ४७९ | ४५९ | ५३४ |
| ५ | IUCD New User | ४ | ५ | १ | १४८ | ८ |
| | IUCD Current User | १९३ | १८६ | १८४ | १४७ | १६८ |

### २.२.३. खोप तथा पोषण सेवा

रामेछाप अस्पतालबाट प्रतिकारात्मक सेवा अन्तर्गत रहेको यो सेवामा नवजात शिशु तथा बालबालिका लाई दिइने नियमित खोप रामेछाप न.पा. को समन्वयमा प्रत्येक महिनाको २१ गते प्रदान गरिन्छ भने गर्भवती महिलालाई लगाइने टिटि खोप प्रत्येक हप्ताको सोमवार र बिहीबारका दिन प्रदान गरिन्छ । यस सेवा अन्तर्गत राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका सम्पूर्ण खोपहरु उपलब्ध हुने गर्दछ । अस्पतालमा आउने बालबालिकाहरुका लागि तौल नापजांच, परीक्षण तथा





परामर्श प्रदान गरि आवश्यक पोषणका बारेमा अभिभावकलाई सचेत गराउने तथाबालबालिकाको जोखिमका आधारमा बालभिटा सर्वोत्तम पिठो तथा Ready to use Therapetutic food (RUTF) प्रदान गरिन्छ ।यस आ.व.को सम्पुर्ण खोप सेवाको तथ्याङ्क रामेछाप न.पा.लाई प्रदान गरिएको छ ।

राष्ट्रिय खोप कार्यक्रम अन्तर्गतका खोपहरु तपशिल बमोजिम रहेको छ।

### २.३. २४ सै घण्टा फार्मेसी तथा सोधपुछ काउन्टर सेवा



प्रदेश अन्तर्गत २ जना र बिमा सुदृढीकरण कार्यक्रम अन्तर्गत १जना कर्मचारीबाट अस्पताल फार्मेसी सेवा२४ सै घण्टा सञ्चालन भइरहेको छ। यस अन्तर्गत स्वास्थ्य बिमा

कार्यक्रमका औषधी निःशुल्क औषधी तथा अन्य औषधीहरु उपलब्ध गराइन्छ ।

साथै अस्पतालमा आउने सेवाग्राहीहरुलाई निःशुल्क तथा अस्पताल व्यवस्थापन समितिले निर्धारण गरेको शुल्क अनुसार काउन्टरका १ जना कर्मचारी र सामाजिक सेवा ईकाइका १ जना कर्मचारीहरुबाट समन्वयमा डिजिटल विलिङ सेवा प्रदान भइरहेको छ ।

## २.४. हेमोडायलाइसिस सेवा




बागमति प्रदेश सरकार साविकको स्वास्थ्य मन्त्रालय तथा स्वास्थ्य आपूर्ती व्यवस्थापन केन्द्र वागमति प्रदेश र KFW बाट डायलाइसिस मेसिन ५ वटा र अन्य उपकरण लगायत बजेटको व्यवस्था भइ मिति २०७९/११/०१ बाट सेवा प्रदान गर्न शुरु गरिएकोमा हाल यस आ.व. मा ७ जना मृगौला विरामीलाई निःशुल्क रूपमा नियमित डायलाइसिस सेवा तथा आवश्यकता अनुसार इमर्जेन्सी डायलाइसिस सेवा प्रदान गरिएको छ । नेपाल सरकारको विपन्न नागरिक औषधी उपचार कार्यक्रम अन्तर्गत सूचिकृत भई यस अस्पतालले विपन्न नागरिकहरुलाई निरन्तर निःशुल्क रुपमा सेवा प्रदान गर्दै आएकोछ तर यस शाखामा तालिम प्राप्त चिकित्सकिय जनशक्ति नहुँदा विरामीलाइ सेवा दिन असहज भएको छ ।

## २.५ Medico legal सेवा

अस्पतालबाट प्रदान गरिने यो सेवाका लागी प्रत्येक दिन दक्ष चिकित्सकहरु उपलब्ध गराईन्छ।यस सेवा अन्तर्गत रामेछाप अस्पतालले पोष्टमार्टम सेवा, मादक पदार्थ सेवन जाँच सेवा घाउ चेकजाँच सेवा तथा शारिरिक परिक्षण सेवा उपलब्ध गराउदै आएको छ। यसका साथै अस्पतालले पोष्टमार्टम सेवाका लागी मर्चरी च्याम्बर सहित अलग्गै भवनको व्यवस्था गरेको

छ। यस सेवा सँग सम्बिन्धित केहि तथ्यांक निम्नानुसार प्रस्तुत गरिएको छ ।




## २.६ OCMC सेवाः-



यस अस्पतालमा लैंगिक हिंसासंग सम्बन्धित तथा स्वास्थ्य क्षेत्रमा सामाजिक समावेशिकरण एवम् लैंगिक समानतालाई सुदृढ गर्नका लागी एकद्वार संकट व्यवस्थापन केन्द्रको स्थापना गरिएको छ । लैंगिक हिंसाबाट पिडित समूहलाई जुनसुकै अवस्थामा पनि यो सेवा प्रदान गर्ने गरिन्छ । अस्पतालले यो सेवाको लागी आवश्यक स्वास्थ्य सेवा प्रदान गर्न मेडिकल अधिकृत र मनोसामाजिक परामर्शकर्ताका रुपमा एकजना स्टाफ नर्सको ब्यबस्था गरेको छ । यस केन्द्रमा आएका सेवाग्राहिको स्वास्थ्य जाँच अस्पतालका चिकित्सकले गर्दै आइरहनु भएको छ । जातिय, राजनितिक, धार्मिक तथा सामाजिक अवस्थाबाट पिडितहरुलाई आवश्यक सहयोग प्रदान गर्नुनै यस केन्द्रको मुख्य उद्देश्य रहेको छ ।

यस केन्द्रबाट प्रदान गरिएका सेवाहरु

| क्र.स. | हिंसाका प्रकारहरु | आ.व.२०७९/०८० | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ |
|---|---|---|---|---|
| १ | बलात्कार | ० | ० | ० |
| २ | यौनजन्य दुर्व्यवहार | ० | ० | १ |
| ३ | शारिरिक दुर्व्यवहार | १ | १५ | १३ |
| ४ | बाल बिवाह र जबर्जस्ति | ० | ० | ० |
| ५ | स्रोत साधन र अधिकारबाट बञ्चित | ० | ० | ६ |

| | | | | |
|---|---|---|---|---|
| ६ | मानसिक दुर्व्यवहार | २ | २ | २ |
| ७ | परम्परागत आधारमा भेदभाव | ० | ० | ० |
| जम्मा | | ३ | १७ | २२ |

## २.७ सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवा

रामेछाप अस्पतालले सामाजिक सेवा प्रदान गर्न तय गरिएका लक्षित समूहहरुको स्वास्थ्य सेवामा उचित सर्वसुलभ निःशुल्क र समतामूलक पहुँच सुनिश्चित गर्ने उद्देश्य बमोजिम सामाजिक सेवा एकाई अन्तर्गत लक्षित वर्गका लागि आ.व. २०७९/०८० असार देखी १ जना कर्मचारीहरुबाट सेवा प्रदान गर्दै आईरहेको छ। साथै आ.व. २०८१/०८२ मा १ जना सामाजिक सेवा एकाइमा कर्मचारी थप गरि जम्मा २ जना कर्मचारीहरुबाट निःशुल्क स्वास्थ्य सेवा प्रवाह गरिएको छ ।

सामाजिक सेवा एकाई अन्तर्गत निःशुल्क स्वास्थ्य सेवाका उद्देश्यहरु निम्नानुसार उल्लेख गरिएको छ।

- लक्षित समूहका विरामीको स्वास्थ्य सेवामा समतामूलक पहुंच एवम् उपयोग वृद्धि गर्ने
- लक्षित समूहसम्म निःशुल्क तथा आशिक छुटमा विशेषज्ञ सेवाहरु उपलब्ध गराउने
- स्वास्थ्य सम्बन्धी विमा लगायत सामाजिक सुरक्षा कार्यक्रमहरुको संयोजन एवम् सहजीकरण गर्ने
- व्यवस्थित पारदर्शी र प्रभावकारीरुपले सक्षित समूहले स्वास्थ्य सेवा लिन सक्ने वातावरण तयार गर्ने ।

सामजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूह निम्नानुसाररहेका छन

- गरिव
- असहाय
- अपांगता भएका व्यक्ति
- जेष्ठ नागरिक
- लैंगिक हिसापीडित (बालबालिका समेत)
- महिला स्वास्थ्य स्वयंसेविका
- प्राकृतिक प्रकोप (भूकम्प, बाढि, पहिरो, आगलागि आदि)बाट पिडित
- शहीद परिवार

- कुपोषित बालबालिका
- प्रहरीले ल्याएका थुनुवा
- दुर्घटनामा परेका आकस्मिक बिरामी
- सिमान्तीकृत तथा लोपोन्मुख आदिवासी जनजाती
- अन्य (अस्पतालले स्थानीयताको आधारमा लक्षित समूह निधारण गर्न सक्नेछन )

अस्पतालले माथि उल्लेखित लक्षित वर्गहरुले अस्पतालको विभिन्न शाखाबाट प्राप्त गरेको सेवा संख्याको विवरणलाई निम्नानुसार उल्लेख गरिएको छ ।

| क्र.स. | सेवाहरु | अक्षीत बर्गहरु | आ.ब.२०७९/०८० | आ.व.२०८०/०८१ | आ.व.२०८१/०८२ |
|---|---|---|---|---|---|
| १ | बहिरंग सेवा | अतिगरीब,गरीब, अपांगता भएका ब्यात्ति तथा असहाय जेष्ठ नागरिक,FCHV, लैंगिक हिंसाबाट पिडित | ७ | २३१ | १२६ |
| २ | अन्तरंग सेवा | अतिगरीब,गरीब, अपांगता भएका ब्यात्ति तथा असहाय जेष्ठ नागरिक,FCHV, लैंगिक हिंसाबाट पिडित | ० | ६९ | ७२ |
| ३ | आकस्मिक सेवा | अतिगरीब,गरीब, अपांगता भएका ब्यात्ति तथा असहाय जेष्ठ नागरिक,FCHV, लैंगिक हिंसाबाट पिडित | ३ | ६४ | ६१ |

## २.८ स्वास्थ्य विमा कार्यक्रम

यस अस्पतालमा स्वास्थ्य विमा बोर्ड र जिल्ला अस्पताल रामेछापको सम्झौता अनुरूप २०७६ जेठदेखि स्वास्थ्य विमा कार्यक्रम सेवा सुचारु भएको हो साथै यो सेवा प्रदान गर्दा कागजी प्रक्रिया केही लामो हुँदा विरामीहरूलाई सेवा लिन झन्झटिलो महसुस हुने, कर्मचारी व्यवस्थापनमा

असहजता तथा समयमा नै शोधभर्ना हुन नसकेकोले अस्पतालमा औषधीको अभावमा सर्वसाधारणहरुको गुनासो पूर्ण रूपमा सुनुवाइ गर्न नसक्दा अस्पताल प्रति नकरात्मक धारणा फैलिने परिस्थिति सृजना भएको छ ।

## २.९ मातृ प्रतिक्षा गृह






सरकारले मातृ स्वास्थ्यमा सुधार ल्याउन दुर्गम क्षेत्रका २० जिल्लामा मातृ प्रतिक्षा गृह सञ्चालनमा ल्याएको छ जसमध्ये रामेछाप जिल्ला पनि एक हो र यस रामेछाप अस्पतालमा स्थापना गरिएको छ। उक्त गृहमा प्रसूति समय अगाडिको स्वास्थ्य जाँच र औषधिको सुविधासहितको सुविधा हुने गर्दछ। बाल मृत्युदर र मातृ मृत्युदर घटाउने वातावरण तयार गर्ने अभिप्रायले यातायातको सामान्य पहुच नभएको स्थानका गर्भवती महिलालाई समयमै अस्पतालको सेवा प्रदान गर्न प्रतिक्षा गृहको निमार्ण गरिएको छ।यस मातृ प्रतिक्षा गृहले रामेछाप जिल्लाका दुर्गम क्षेत्रमा बसोबास गर्ने जनताहरुलाई लाभ हुने देखिएको छ।साथै आ.ब.२०८१/०८२ मा ६ जना सेवागाहीहरुले सेवा लिनुभएको छ।

## २.१० मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम

रामेछाप अस्पतालमा मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम आ.ब.२०७९/८०बाट सुरु गरिएको छ।यस कार्यक्रममा नसर्ने रोगसम्बन्धी जाँच निःशुल्क हुन्छ। अस्पतालमा चिकित्सकद्वारा नसर्ने रोगसम्बन्धी इतिहास र शारीरिक जाँच, दम– खोकीको क्याट टेस्ट, तौल, उचाइ र पेटको मोटाइ, श्वासप्रश्वास, रक्तचाप नाप, मधुमेह तथा महिलाका लागि 'भीआइए' को निःशुल्क परीक्षण प्रदान भईरहेको छ।यस कार्यक्रममा पिसाब, दिसा, रगत, मिर्गौला, कलेजो, लिपिड प्रोफाइल, फोक्सो, छातीको एक्स– रे, इसिजी र



युसजी परीक्षण हुन्छ। यस कार्यक्रम अन्तरगत रामेछाप अस्पतालले आ.ब. २०८०/८१ मा ७५७ जना सेवाग्राहिलाई सेवा प्रदान गरिएको थियो। साथै आ.व. २०८१/०८२ मा पनि यस कार्यक्रमलाई निरन्तरता दिदै ४८५ जना सेवाग्राहिलाई सेवा प्रदान गरिएको छ।

## २.११ रिफिलिङ अक्सिजन सेवा

यस अस्पतालमा आउने विरामीहरुका लागि सहज रूपमा समयमा नै अक्सिजन प्रदान गर्ने उद्देश्यले आ.व. २०७७/०७८ मा अस्पताल परिसरमा अक्सिजन प्लान्ट स्थापना गरिएको हो। यस प्लान्टबाट ३००० लि प्रतिघण्टा अक्सिजन उत्पादन हुने क्षमता रहेको छ । यस उत्पादनबाट रामेछाप जिल्ला भित्रका अन्य विरामीहरुलाई पनि आवश्यकता अनुसार अक्सिजन सिलिन्डर भर्ने तथा विक्रि वितरण गर्ने कार्य भइरहेको छ। यस सेवाले बिरामीहरुलाई अक्सिजन सिलिन्डर भर्न काठमाडौं जानुपर्ने बाध्यतालाई समाधान भएको छ।

## २.१२ Blood Bank Service



अस्पतालका बिरामीहरुको रक्त संक्रमण आवश्यकताहरु पूरा गर्न स्वैच्छिक गैर पारिश्रमिक रक्तदान मार्फत रगत र रगत उत्पादनहरूको पर्याप्त सुरक्षित र समयमै आपूर्ति सुनिश्चित गर्न, रगत सेवाको रणनीतिहरुको रक्तदानको लागि उत्प्रेरणा र चेतना जगाउन, रक्त संकलन, शिविर व्यवस्थापन, प्रशोधन, परीक्षण र विरामीको आवश्यकता अनुसार रगत र रगत उत्पादनहरु आपूर्ती गर्नका लागि आ.व. २०७८/२०७९ मा रामेछाप नगरपालिका र अस्पतालको समन्वयमा ब्लक बैंक स्थापना गरिएको हो। आवश्यकता अनुसार अस्पतालका प्रयोगशालाका कर्मचारीहरुले सेवा प्रदान गरिरहुनु भएको छ ।

## २.१३ Hospital Canteen



अस्पतालमा आउने विरामी तथा कर्मचारीहरुको लागि गुणस्तरीय खाजा, खानाको लागि २४ सै घण्टा अस्पताल भित्रै क्यान्टिनको व्यवस्था गरिएको छ ।

## ३. अस्पतालको वित्तिय व्यवस्थापन

अस्पतालको वित्तिय व्यवस्थापनका लागी आवश्यक बजेट विभिन्न किसिमका आर्थिक स्रोतहरुबाट प्राप्त हुने गर्दछ । नेपाल सरकार बाट प्राप्त हुने अनुदान, प्रदेश सरकारबाट प्राप्त हुने अनुदान, अस्पतालले विभिन्न किसिमका सेवा प्रवाह वापत लिने गरेको आन्तरिक आय तथा गैर सरकारी निकाय बाट प्राप्त हुने रकम रामेछाप अस्पतालका प्रमुख आयका स्रोतहरु हुन ।

रामेछाप अस्पतालको आ.व.२०८१/२०८२ को आय तथा व्यायको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**आ.व. २०८१/०८२ को वार्षिक भौतिक तथा वित्तिय प्रगति प्रदेश अनुदान तर्फः**

| बजेटको शीर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तिय प्रगति प्रतिशत(%) | भौतिक प्रगति प्रतिशत(%) |
|---|---|---|---|---|
| चालु तर्फ | ५६३२७०००/- | ४५१९४०४४९/- | ८०.२३% | १००% |
| पँजिगत तर्फ | ४६२७०००/- | ४५८३४२३/- | ९९.०५% | १००% |
| कुल जम्मा | ६०९५४०००/- | ४९७७७४९४.९/- | ८१.६६% | १००% |

**आ.व. २०८१/०८२को वार्षिक भौतिक तथा वित्तिय प्रगति संघ सशर्त अनुदान तर्फः**

| बजेटको शीर्षक | विनियोजित बजेट | खर्च भएको बजेट | वित्तिय प्रगति प्रतिशत(%) | भौतिक प्रगति प्रतिशत(%) |
|---|---|---|---|---|
| चालु तर्फ | १,२९,७९,०००/- | १,०९,४५,७६६/- | ८४.३३% | ९५% |
| पुजिगत तर्फ | ६,००,०००/- | ५,९७,२८४/- | ९९.९४% | ९५% |
| कुल जम्मा | १,३५,७९,०००/- | १,१५,४३,०५०/- | ८५% | ९५% |

**आ.व. २०८१/०८२ को विवध तर्फको आर्थिक विवरणः**

| जम्मा आम्दानि अल्या | खर्च | मौज्दात |
|---|---|---|
| २,९४,७४,३६८.८७/- | २,८९,२९,३०९/- | ५,४५,०५९.८७/- |

| आ.व. २०८१/०८२ को धरौटिको अवस्था | | |
|---|---|---|
| जम्मा | फिर्ता | मौज्दात |
| ११,८८,०६०/- | ८८,०००/- | ११,००,०६०/- |

| | |
|---|---|
| आ.व.२०८१/०८२ को कुल राजस्व रकम | १,६४,०००/- |

## ४. अस्पतालबाट प्रवाहित अन्य विविध कार्यक्रम तथा सेवाहरु

### ४.१ इवार्स (Early Warning and Reporting System)




महामारी जन्य रोगहरुको तत्काल सूचना प्रवाह गर्न सूचना व्यवस्थापन प्रणाली सुदृढ गर्ने उद्देश्य बमोजिम संचालीत यो कार्यक्रम रामेछाप अस्पतालले संचालन गरेपश्चात रोगहरूको तोकिएको समयमा नियमित प्रतिवेदन भएको छ। रामेछाप अस्पतालमा देखिएका किटजन्य रोग तथा महामारीजन्य रोगहरुको अवस्था बारे यस अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी तथा अन्य कर्मचारीहरुलाई आ.व. २०८१/०८२ मा १ पटक सञ्चालन गरि अभिमुखीकरण कार्यक्रममार्फत जानकारी प्राप्त गराइएको छ ।

मूख्य उपलब्धीहरु

- EWARS मा रिपोर्टिङ गर्नुपर्ने महामारीजन्य रोगहरुबारे समयमै रिपोर्टिङ भएको छ
- EWARS का रिपोर्टेबल रोगहरुबारे अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीहरु स्पष्ट रुपमा जानकारी भएका छन ।

**Top diseases reported (EWARS)**

| RAMECHHAP HOSPITAL |
|---|

| Period / Disease Name | AGE | COVID-१९ | Dengue | Enteric Fever | SARI | Total |
|---|---|---|---|---|---|---|
| Jul २०२० to Jun २०२१ | ३५ | ७६ | | ० | ० | १११ |
| Jul २०२१ to Jun २०२२ | ३४ | २६ | १ | ० | ० | ६१ |
| Jul २०२२ to Jun २०२३ | ४७ | १४ | १३० | ३ | ११ | २०५ |
| Jul २०२३ to Jun २०२४ | ५८ | ० | ४० | ५ | ० | १०३ |
| Jul २०२४ to Jun २०२५ | १४ | ० | १६ | ३ | ० | ३३ |

## ४.२ MPDSR कार्यक्रम

अस्पतालमा हुने मातृ तथा पेरिनेटल मृत्युको समीक्षा गरी मृत्युका कारणको पहिचान गर्ने र भविष्यमा त्यस्ता मृत्युहरु हुन नदिन आवश्यक उपायहरु पहिचान गरी कार्य योजना तयार गर्ने र मृत्यु सम्बन्धी सूचना प्रणालीलाई व्यवस्थीत गर्ने उद्देश्य बमोजिम अस्पतालमा यो कार्यक्रम आ.व. २०७७/७८ मा प्रथम पटक सन्चालन गरिएको थियो। यस कार्यक्रम अन्तर्गत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई मातृ तथा पेरिनेटल मृत्यु सम्बन्धी अभिमुखिकरण गराइएको थियो। मातृ तथा पेरिनेटल मृत्यु भएको अबस्थामा समितिका कर्मचारीहरु बसी समीक्षा बैठक तथा अस्पतालमा मातृ मृत्यु भएको ७२ घण्टा भित्र तथा पेरिनेटन मृत्युको मासिक रुपमा समिक्षा गरी के कारणवाट त्यस्तो मृत्यु भएको हो सोको कारण पहिचान गरि आगामी दिनमा त्यस्तो अवस्था आउन नदिन कार्ययोजना बनाई यस आ.व.को २०८१/०८२ को पेरिनेटल मृत्युको बारेमा समीक्षा कार्यक्रम सम्पन्न गरिसकेको अवस्था रहेको छ ।

कार्यक्रमबाट प्राप्त उपलब्धीः-

- अस्पतालमा भएका पेरिनेटल मृत्युको कारण पहिचान गर्न नियमित रुपमा केशको आधारमा प्रत्येक महिना एमपिडिएसआर कमिटिको समिक्षात्मक बैठक
- यस कार्यक्रम सम्बन्धी अस्पतालमा कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरुलाई अभिमुखिकरण कार्यक्रम संचालन भएको छ र भाविदिनमा त्यस्ता मृत्यु रोक्नका लागि कस्तो कार्ययोजना बनाइयो र ति कार्ययोजनाको कार्यान्वयनको अवस्थाबारे अस्पतालका कर्मचारीहरुलाई जानकारी गराउने उद्देश्य बमोजिम समिक्षा कार्यक्रम सम्पन्न गरिएको

थियो।



## ४.३ नियमित CME (Continue Medical Education) कार्यक्रम संचालन

रामेछाप अस्पतालले विगत ४ आर्थिक वर्ष देखि नियमित रूपमा प्रत्येक हप्ताको शुक्रबारका दिन अस्पतालका कर्मचारीहरुलाई स्वास्थ्य सम्बन्धी समसामयीक विषयमा जानकारी गराउने उद्देश्य बमोजिम नियमित रूपमा सिएमई कक्षा संचालन गरिरहेको छ। यस अस्पतालमा कार्यरत प्राविधिक कर्मचारीहरूले नियमित रुपमा स्वास्थ्य क्षेत्रका विभिन्न विषयहरुमा छलफल तथा प्रस्तुति मार्फत यो कार्यक्रम संचालन गर्ने गरिन्छ ।



## ४.४ मासिक HMIS Data Verification र समीक्षा कार्यक्रम सञ्चालन

अस्पतालबाट नियमित प्रवाह भइरहेको सेवाहरुलई DHIS-२ Platform मा HMIS का विविध




सूचकहरुलाई मासिक रुपमा प्रतिवेदन गर्नुपर्ने हुँदा सोही तथ्याङ्कहरुको आपसी छलफल, मूल्याङ्कन गरि प्रतिवेदन गर्नका लागि प्रदेश कार्यक्रम अन्तर्गत मासिक HMIS Data Verification र समीक्षा मासिक रूपमा नियमित सम्पन्न भइरहेको छ। जसमा अस्पतालका सम्पूर्ण शाखा प्रमुख तथा आमन्त्रित कर्मचारीहरुको सहभागिता रहेको हुन्छ । जसबाट तथ्यांङ्क रेकर्ड गर्दा होसियारीपूर्वक गर्ने तथा तुरुन्त रिपोर्ट गर्नुपर्ने, रोग तथा परीक्षणको बारेमा मेडिकल रेकर्डलाई जानकारी गराउने कार्य भइरहेको छ ।

### ४.५ महामारी नियन्त्रणको लागि Rapid Response Team

विभिन्न किसिमका रोग, महामारी तथा विपद्को कारण सृजित आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवा पुर्‍याउन, त्यस्तो अवस्थाको पहिचान, प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४८ को उपदफा १ र जनस्वास्थ्य सेवा नियमावली २०७७ को दफा २७ को उपदफा १ र २ ले निर्दिष्ट गरे बमोजिम आपत्कालीन अवस्थामा तत्कालै स्वास्थ्य सेवाको व्यवस्थापनका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले द्रुत प्रतिकार्यटोली (Rapid Response Team) गठन गर्नुपर्ने भएकोले र मन्त्रालय अन्तर्गतका निकायहरुले पनि यस Rapid Response Team गठन गर्नुपर्ने भएकोले यस रामेछाप अस्पतालले उक्त टोली बिगतका आ.ब.देखि गठन गर्दै आएको छ।

### ४.६ Continuous Professional Development (CPD)

यस अस्पतालमा नर्सिङ कर्मचारीहरुद्वारा विभिन्न स्वास्थसम्बन्धी विषयहरुमा नर्सिङ कर्मचारीहरुको लागी महिनाको पहिलो शुक्रबार CPD कक्षा सञ्चालन भइरहेको छ । यस कक्षाले नर्सहरुको लागि ज्ञान र सीपको निरन्तर विकास गर्दछ ।

### ४.७ भौतिक पुर्वाधार मर्मत सम्भार

यस अस्पतालले यस आर्थिक वर्षमा बिगतका वर्षदेखि पुराना देखिरहेका क्वाटरहरुको मर्मत सम्भार गर्नुका साथै अस्पतालको भवन तथा परिसर भित्रका संरचनाहरूमा रंगरोगन कार्य गरेको छ। अस्पताल सुदिढीकरणको बजेट उपलब्धताका कारण यस आर्थिक वर्षमा अस्पताल परिसरमा पार्किङको ब्यबस्थापन गर्ने कार्य भैरहेको छ।

## ५. अस्पतालको वर्तमान अवस्था विश्लेषण तथा भावी कार्यदिशा

### ५.१ अस्पतालका सवल पक्षहरु

- अस्पतालको भौतिक पूर्वाधार,
- २४ सै घण्टा शल्यक्रिया सेवा,
- जेनेरेटरको उपलब्धता,
- २४ सै घण्टा फार्मेसी सेवा,
- २४ सै घण्टा ल्याव र एक्स-रे सेवा,
- दैनिक रुपमा अल्ट्रासाउण्ड सेवा साथै Portable USG मेसिन,
- आधुनिक औजार उपकरणको व्यवस्था (Patient Monitor, Portable USG, Digital X-ray),
- Oxygen plant with refilling system,
- हेमोडायलाइसिस सेवा, OCMC, Social Service
- अस्पताल विकासको गतिविधिमा सक्रिय अस्पताल व्यवस्थापन समिति,
- अस्पताल व्यवस्थापन समितिसंग समन्वय,
- अस्पताल परिसरको सुरक्षालाई मध्येनजर गर्दै जडित CCTV,
- अस्पतालको वेभसाइड तथा सूचना प्रवाह प्रक्रिया, सूचना अधिकारी, गुनासो सुन्ने अधिकारीको व्यवस्था,
- कर्मचारीहरुको दैनिक काम प्रति प्रतिबद्धता ( Committed).
- अस्पताल व्यवस्थापन समितिका अध्यक्षज्यूको Positive Attitude तथा अस्पताल विकासका गतिविधिहरुमा अत्याधिक चासो र सहयोग,
- Hospital Master Plan, Ambulance को व्यवस्था,
- Electronic Billing System,

- ब्लड बैंक स्थापना,
- बिरामी तथा कर्मचारीहरुको लागि शुद्ध खानेपानी व्यवस्थापन गर्न वाटर प्यूरिफायर जडान
- कर्मचारीहरुको Electronic हाजिरीको व्यवस्था,
- अस्पतालमा ११०० KVA Transformer जडान ।

## ५.२ अस्पतालका प्रमुख समस्याहरु

- स्वीकृत दरवन्दी अत्यन्त न्युन भएको साथै विशेषज्ञ चिकित्सक तथा अन्य प्राविधिक तथा अप्राविधिक कर्मचारीहरुको व्यवस्थापन हुन नसक्नु,
- पदिय दायित्व पुरा गर्न पद अनुसारको TOR/Job Description प्रदान गर्न नसक्नु,
- फोहोरमैलाको उचित व्यवस्थापन गर्न नसक्नु,
- सेवाग्राहीका लागि उचित पार्किंग स्थल नहुनु,
- कर्मचारी आवास गृहको अभाव हुनु,
- इमेजेन्सी, अन्तरंग र बहिरंग लगायत अन्य स्वास्थ्य सेवा प्रवाह गर्न अपर्याप्त कार्यकक्षहरू,
- संक्रमितको उपचारमा संलग्न स्वास्थ्यकर्मीहरुलाई क्वारेन्टिन व्यवस्थापन गर्न नसक्नु,
- मेडिको लिगल र पोष्टमार्टम केश जाँचको लागि आवश्यक तालिमको अभाव,
- सामाजिक सेवा एकाई सञ्चालनका लागि पर्याप्त बजेट को अभाव,
- बिशेषज्ञ चिकित्सक, चिकित्सक लगायत अन्य कर्मचारीहरुको छोटो समयमा नै परिवर्तन.
- RAM को व्यवस्थापन गर्न नसक्नु,
- फार्मेसीका औषधीलाई आवश्यक तापक्रममा भण्डारण गर्न संरचनाको अभाव,

## ५.३ अस्पतालका प्रमुख चुनौतीहरु

- विशेषज्ञ सेवाको व्यवस्था गर्नु,
- दरवन्दी न्यून भई डाक्टर तथा कर्मचारीको संख्या पर्याप्त हुनु,
- कार्यक्रमहरू कार्यान्वयन गर्दा कार्य तालिका अनुसार कार्य संचालन गर्नु,
- अस्पताल व्यवस्थापन समितिको नीति, निर्देशिका निर्माण गर्न,
- लामो खरिद प्रक्रियाका कारण चाहेको समयमा आवश्यक समान खरिद गर्नु,
- फोहोरमैलाको उचित व्यवस्थापन गर्नु,
- कोभिड संक्रमण जोखिम नियन्त्रण गर्नु,
- मास्टर प्लान कार्यान्वयन गर्नु,

- समुदायको अस्पतालप्रतिको धारणा परिवर्तन गर्नु कोमिड तथा नन कोभिड सेवा लाई समानान्तर रुपमा सञ्चालन गर्नु ।
- विशेषज्ञ चिकित्सकिय सेवाको निरन्तरता प्रदान गर्ने ।

## ५.४ अस्पतालका वर्तमान अवसरहरु

- अस्पतालप्रती जनसमुदायमा परिवर्तन भइरहेको धारणा,
- संघीय सरकार तथा प्रदेश सरकारबाट अस्पताल विकासका लागि प्राप्त हुने बजेट, प्रदेश सरकारबाट अस्पताल सेवा सुदृढीकरण बजेट,
- आधुनिक औजार उपकरणहरुको उपलब्धता,
- अस्पताल व्यवस्थापन समितिको अस्पताल सुधारका गतिविधिहरुमा जोड ।

## ५.५ अस्पतालको भावी कार्ययोजना

- रामेछाप अस्पताललाई कम्तिमा १०० शैयामा स्तरोन्नती गर्ने ।
- अस्पतालको गुरुयोजना अनुरूप अस्पतालका क्रियाकलाप निर्दिष्ट गर्ने ।
- चिकित्सक तथा कर्मचारीहरुलाइ अपुग आवास गृह निर्माण गर्ने ।
- अस्पतालजन्य फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला निर्मलीकरण गरी पुनः प्रयोग गर्ने।
- अक्सिजन प्लान्ट तथा अक्सिजन पाइपलाइनको विस्तार गर्ने।
- मिटिङ हल र लाईब्रेरीको उचित व्यवस्था गर्ने ।
- बहिरंग सेवा सञ्चालनका लागि अपुग भौतिक संरचना कार्यकक्ष निर्माण गर्ने ।
- छुट्टै प्रसुती गृह (Block), पोषण गृह निर्माण गर्ने ।
- तालिम हल, छात्रावास निर्माण गर्ने ।

## ५.६ विशेषज्ञ /विशिष्टीकृत सेवा सञ्चालन कार्यक्रम

- रामेछाप अस्पतालले विगतको आर्थिक वर्ष देखि नियमित रूपमा प्रत्येक महिनाको अन्तिम आईतबार र बुधबारका दिन अस्पतालमा विशेषज्ञ सेवा संचालन गरिरहेको छ । उक्त कार्यक्रममा पेट, आन्द्रा तथा कलेजो रोग, मानसिक तथा नशा रोग, मुटु रोग (ईको सहितको सेवा), स्त्री रोग, नाक कान घाँटी रोग बिशेषज्ञहरुबाट ओ.पि.डि. सेवा संचालन गरिएको थियो।

### सल्लाह तथा सुझावः

**स्वास्थ्य मन्त्रालय वागमति प्रदेश, स्वास्थ्य निर्देशनालय वागमति प्रदेश, रामेछाप न.पा., स्वास्थ्य कार्यालय, रामेछाप जिल्ला स्थित सरकारी, गैह्रसरकारी संघसंस्था तथा साझेदारी संस्थासँगको**

आपसी समन्वय सल्लाह सुझाव र अस्पतालका सम्पूर्ण कर्मचारीहरु मार्फत सम्पादन गरिएका कार्यहरुको HMIS तथा अन्य रजिस्टरमा राखिएका रेकर्ड र रिपोर्टका आधारमा यो प्रतिवेदन तयार पारिएको हो । यस प्रतिवेदन लेखन तथा सम्पादन गर्ने क्रममा भुलवश, केही कमी कमजोरी तथा त्रुटी भएमा क्षमा माग्दै आगामी दिनहरुमा प्राप्त सल्लाह सुझाव तथा पृष्ठ पोषणका आधारमा सुधार गरि अर्को संस्करणमा समेट्ने प्रतिवद्धताका साथ मेडिकल रेकर्ड सुपरभाईजर अस्मिता थापा मगर र अस्पतालका परिवारको तर्फबाट हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछौं ।


## ६.अस्पतालमा संन्चालन भएका केहि कार्यक्रमसँग सम्बन्धित तस्बिरहरु

**बागमति प्रदेश स्वास्थ्य मन्त्री माननीय उत्तम जोशी ज्यूद्वारा ICU सेवा शुभारम्भ**






## दादुरा रुबेला खोप अभियान २०८०/८१












स्वागत तथा फेरी भटौला कार्यक्रम

## फोहोरमैला व्यवस्थापन सम्बन्धि अभिमुखिकरण






## मासिक अस्पताल परिसर सरसफाई कार्यक्रम





## रक्तदान कार्यक्रम











## सामाजिक परिक्षण कार्यक्रम






वृक्षारोपण कार्यक्रम


वार्षिक प्रतिवेदन आ.व.२०८१/०८२






६५ वर्ष वा सो भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई निशुल्क
आ.व. २०८१/८२ CD (Complete Denture)


६५ वर्ष वा सो भन्दा माथिका ज्येष्ठ नागरिकहरुलाई निशुल्क
आ.व. २०८१/८२ CD (Complete Denture)







सूचना । सूचना ।। सूचना ।।।
अस्पतालमा विशेषज्ञ/विशिष्टकृत सेवा सञ्चालन सम्बन्धी सूचना
२०८१ चैत्र २७ गते
Senior Consultant Gastroenterologist
Senior Consultant Psychiatrician
२०८१ चैत्र ३१ गते
Senior Consultant Cardiologist
Senior Consultant Gynecologist/Obs.
Consultant ENT Surgeon
आयोजक
स्थान : रामेछाप अस्पताल
रामेछाप अस्पताल





AMBULANCE
FOTON


जिल्ला अस्पताल रामेछाप
रामेछाप, नेपाल
शववाहन

